# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २८५ | काठमाडौं | आइतबार, २७ माघ २०८१ | Prabhab National Daily | Sunday, February 09, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## अध्यादेशमा विपक्षीसँग सहयोगको याचना

- अध्यादेशको पक्षमा उभिन माओवादीलाई एमालेको आग्रह
- अध्यादेशको पक्षमा नउभिने अडानमा माओवादी
- सरकारले दर्ता गरेका छ वटा अध्यादेश संसद्मै अड्किए




■ प्रभाव संवाददाता

**काठमाडौं–** संसद्मा सरकारले दर्ता गरेका अध्यादेश स्वीकृत हुने अनिश्चितता बढेको छ । राष्ट्रियसभामा बहुमत जुट्ने अंकगणित नहुँदा सरकारले अध्यादेश स्वीकृत गर्न प्रस्ताव नै पेस गरेको छैन । यसअघि बिहीबारको संसद् बैठकमा प्रस्ताव पेस गर्ने कार्यसूची थियो । तर, गठबन्धनमै रहेको दल जनता समाजवादी पार्टी (जसपा) नेपालले सत्ताका लागि बार्गेनिङ गरेपछि प्रस्ताव पेस नै भएन ।

यसले गर्दा सरकारलाई अध्यादेशको सकस छ । यस्तोमा शनिबार प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रलाई अध्यादेश स्वीकृत गराउन सहयोगका लागि सत्ता नेतृत्व दल नेकपा एमालेबाट आग्रह भएको छ । एमाले महासचिव शंकर पोखरेलले अध्यादेशलाई समर्थन गर्न आग्रह गरेको माओवादी उपमहासचिव वर्षमान पुनले बताए ।

शनिबार माओवादी केन्द्र गुल्मीको चन्द्रकोट गाउँपालिका अधिवेशनलाई सम्बोधन गर्ने क्रममा पुनले पोखरेलले सहयोग मागेर आफूलाई टेलिफोन गरेको बताए । 'अध्यादेशको समर्थनमा उभिएर सहयोग गर्नुपर्‍यो भनेर एमाले महासचिव शंकर पोखरेलले फोन गर्नुभएको थियो । मैले संसद् छलेर ल्याएको अध्यादेशको समर्थनमा माओवादी उभिँदैन भनिदिएँ,' उनले अधिवेशनमा भने ।

सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी, निजीकरण ऐन–२०५० लाई संशोधन गर्न बनेको अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी अध्यादेश, सहकारीसम्बन्धी अध्यादेश र भूमिसम्बन्धी अध्यादेश ल्याएको छ । यही १८ माघमा दुवै संसद्मा अध्यादेशहरू दर्ता भएका हुन् । अब यी अध्यादेश संसद्मा दर्ता भएको मितिले ६० दिनभित्र पारित गरिसक्नुपर्ने संवैधानिक प्रावधान छ ।

तर, राष्ट्रियसभामा अल्पमतमा रहेपछि सत्ता नेतृत्व दल एमालेले प्रमुख विपक्षी माओवादीको समर्थन खोजेको हो । प्रतिनिधिसभामा भने सत्तापक्षीय दलहरू कांग्रेस–एमालेको मात्रै पनि बहुमत छ । तर, राष्ट्रियसभामा छैन । त्यसको सीधा प्रभाव अध्यादेश स्वीकृतिमा परेको देखिएको छ ।

यसअघि बिहीबार संसद् बैठकलाई सम्बोधन गर्दै माओवादी अध्यक्ष पुष्पकमल दाहालले

> अध्यादेशको समर्थनमा उभिएर सहयोग गर्नुपर्‍यो भनेर एमाले महासचिव शंकर पोखरेलले फोन गर्नुभएको थियो । मैले संसद् छलेर ल्याएको अध्यादेशको समर्थनमा माओवादी उभिँदैन भनिदिएँ ।
>
> ■ **वर्षमान पुन**
> उपमहासचिव, माओवादी केन्द्र

अध्यादेशलाई माओवादीले समर्थन गर्न नसक्ने बताएका थिए । उनले संसद्लाई छलेर शासन चलाउन सरकार उद्धत भएको भन्दै आलोचना गरेका थिए । तर, उनकै दल माओवादीसँगै एमालेले अध्यादेशका लागि याचना मागेका छन् । सरकारले ल्याएका छ वटा अध्यादेशमा प्रमुख प्रतिपक्षी माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीका सांसदहरूले प्रतिनिधिसभामा ५१ र राष्ट्रियसभामा १६ अस्वीकार प्रस्ताव दर्ता गराएका छन् । तर, राष्ट्रियसभामा निर्णायक मानिएको जसपा नेपालले अझैसम्म अनिर्णीत छ ।

क्रमशः पृष्ठ २ मा

मुक्कुम्लुङ केबलकार विवाद

## मन्त्रीस्तरीय समिति नबन्दा वार्ता अनिश्चित

- मन्त्रीस्तरीय वार्ता समितिसँग मात्रै वार्तामा बस्ने अडान
- सहमति कार्यान्वयनमा सरकार गम्भीर नबनेको आरोप

■ जेबी योञ्जन

**काठमाडौं–** ताप्लेजुङको मुक्कुम्लुङमा केबलकार खारेजीको एक सूत्रीय माग अघि सारेको 'नो केबलकार' पक्षले मन्त्रीस्तरीय वार्ता समितिसँग मात्र संवाद गर्ने भएको छ । सरकारले भने मन्त्रीस्तरीय वार्ता समिति गठन गरेको छैन ।

यही २२ माघमा वार्ता सहजीकरण समिति र सरकारी वार्ता टोलीबीच आज वार्ता गर्ने सहमति भएको थियो । तर, वार्ता सहजीकरण समितिका संयोजक प्राज्ञ अमर तुम्याहाङले मन्त्रीस्तरीय वार्ता समिति सरकारले गठन नगरेपछि कर्मचारी नेतृत्वको वार्ता समितिसँग संवाद नगर्ने बताए ।

'मलाई सरकारी वार्ता टोलीका संयोजक प्रेमप्रसाद भट्टराईले फोन गर्नुभएको थियो । मैले कर्मचारी नेतृत्वको होइन, मन्त्रीले नेतृत्व गर्ने सरकारी वार्ता टोलीसँग मात्रै हामी संवाद गर्छौं, यो कुरा गृहमन्त्रीलाई कन्भे गर्नुहोस् भनेको छु,' उनले प्रभावसँग भने ।

आन्दोलनरत नो केबलकार पक्ष सरकारले २२ माघमा भएको छ बुँदे सहमति कार्यान्वयनमा गम्भीर नभएको भन्दै असन्तुष्ट छ । केबलकार निर्माण कार्य नरोकिएको र आन्दोलनका क्रममा ताप्लेजुङमा पक्राउ परेका दुई जनालाई ससर्त रिहाइ गरेपछि सरकारले सहमति कार्यान्वयनमा खेलाची गरेको आरोप लगाएको छ । आन्दोलनरत पक्षले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'केबलकार स्टेसनमा १० दिनसम्म काम रोक्ने मौखिक सहमति भए पनि यसको इमान्दार कार्यान्वयन

> मलाई सरकारी वार्ता टोलीका संयोजक प्रेमप्रसाद भट्टराईले फोन गर्नुभएको थियो, मैले कर्मचारी नेतृत्वको होइन, मन्त्रीले नेतृत्व गर्ने सरकारी वार्ता टोलीसँग मात्रै हामी संवाद गर्छौं र यो कुरा गृहमन्त्रीलाई कन्भे गर्नुहोस् भनेको छु ।
>
> ■ **अमर तुम्याहाङ**
> संयोजक, वार्ता सहजीकरण समिति

> उहाँहरूले मन्त्रीस्तरको वार्ता टोलीसँग मात्रै संवाद गर्ने भन्नुभयो । हामीसँग नगर्ने भन्नुभएको छ । यसबारे मन्त्रीज्यूलाई जानकारी दिएको छु ।
>
> ■ **प्रेमप्रसाद भट्टराई**
> संयोजक, सरकारी वार्ता समिति

भएको देखिएन । वार्तामा भएको सहमति कार्यान्वयन नहुनु खेदजनक छ ।'

आन्दोलनरत पक्षले सरकारप्रति आशंका पनि प्रकट गरेको छ । यससँगै केबलकार निर्माणको विवाद समाधान कर्मचारी नेतृत्वको वार्ता समितिबाट नहुने प्रस्ट पारेको छ । 'मुक्कुम्लुङको संरक्षण तथा केबलकार खारेजीजस्ता गम्भीर विषयहरूको स्थायी समाधान कर्मचारीस्तरको वार्ता टोलीबाट सम्भव छैन,' आन्दोलनरत पक्षले ठोकुवा गरेको छ ।

सरकारी वार्ता टोलीका संयोजक प्रेमप्रसाद भट्टराईले आन्दोलनरत पक्षको मागबारे मन्त्रीलाई जानकारी दिएको बताए । 'उहाँहरूले मन्त्रीस्तरको वार्ता टोलीसँग मात्रै संवाद गर्ने भन्नुभएको छ । हामीसँग नगर्ने भन्नुभएको छ ।

क्रमशः पृष्ठ २ मा

### केबलकारले पहिचान प्रवर्द्धन गर्ने ढकालको दाबी



**काठमाडौं (प्रस)–** ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा)मा विवादित बनेको केबलकार निर्माणको मुख्य लगानीकर्ता हुन्, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल । राजनीतिक पहुँचका आधारमा उनको आइएमई समूहले पाथीभरा देवी दर्शन केबलकार प्रालि निर्माणको काम अगाडि बढाएको छ । नेकपा एमालेनिकट व्यवसायी ढकाललाई उक्त पार्टीका नेतृत्वले संरक्षण दिएको आरोप छ ।

केबलकार खारेजीको मागसहित सर्वत्र विरोध बढेपछि शनिबार ढकालले पत्रकार सम्मेलन गरी आफ्नो आयोजनाको बचाऊ गरेका छन् । यसअघि मौन रहँदै आएका उनले पाथीभरा मन्दिरसम्म पुग्न निर्माण गर्न लागिएको केबलकारले पहिचानको प्रवर्द्धन गर्ने दाबी गरे । जबकि, केबलकार निर्माण गर्ने उनको कम्पनीको नाम नै पाथीभरा देवी दर्शन केबलकार प्रालि छ । यो कम्पनीको नामले त्यहाँको मौलिक पहिचान कतै झल्काउँदैन ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

वैदेशिक रोजगार व्यवसायी संघको चुनाव

## गुरुङको नेतृत्वमा लोकतान्त्रिक एसोसिएसन र गणतान्त्रिक मञ्चको संयुक्त प्यानल घोषणा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न निर्वाचनका लागि लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त प्यानल घोषणा भएको छ । नेपाली कांग्रेसको शुभेच्छुक संस्था लोकतान्त्रिक एसोसिएसन र नेकपा माओवादी केन्द्रनिकट गणतान्त्रिक मञ्चबीच सहमति जुटेपछि शनिबार संयुक्त प्यानल घोषणा भएको हो ।

लोकतान्त्रिक–गणतान्त्रिकको संयुक्त प्यानलबाट अध्यक्षमा भुवनसिंह गुरुङले उम्मेदवारी दिने भएका छन् । गुरुङ म्यानेजमेन्ट प्रालिका सञ्चालक गुरुङ संघका पूर्वद्वितीय उपाध्यक्षसमेत हुन् ।

आफू नेतृत्वको प्यानलबाट गणतान्त्रिक मञ्चले एक सचिवसहित दुई सदस्यमा उम्मेदवारी दिने सहमति जुटेको अध्यक्षका प्रत्यासी गुरुङले जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

**लोकतान्त्रिक–गणतान्त्रिक संयुक्त प्यानल**

**अध्यक्ष:** भुवनसिंह गुरूङ
**प्रथम उपाध्यक्ष:** नरेन्द्रप्रसाद ढकाल
**द्वितीय उपाध्यक्ष:** देवकुमार खोखाली
**तृतीय उपाध्यक्ष:** हर्कबहादुर लिम्बू
**महासचिव:** महेशकुमार बस्नेत
**सचिव:** कुन्छादोर्जे डिम्दोङ
**कोषाध्यक्ष:** सबिताकुमारी सिंह
**सदस्य:** विक्रम श्रेष्ठ, विद्यालक्ष्मी वज्रचार्य, दीपककुमार राय, देवीप्रसाद गिरी, सुवर्ण लामा, सुमनराज पाण्डे, भरत सापकोटा र रेखा शर्मा

## 'स्टार्टअप' प्रतियोगिताबाट छानिए पाँच उत्कृष्ट उद्यमी

**काठमाडौं (प्रस)–** दक्षिण कोरियामा रोजगारीको अनुभव भएका आप्रवासीहरूलाई नेपालमा उद्यमी बनाउने कार्यक्रम सञ्चालनमा ल्याइएको छ । अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (कोइका) द्वारा आयोजित आप्रवासी कामदारको 'स्टार्टअप' प्रतियोगिता शुक्रबार सम्पन्न भएको छ ।

'नेपाल आप्रवासी कामदार उद्यमशीलता प्रतियोगिता' विषयक कार्यक्रम कोरिया सरकारले 'कोरियामा रोजगारीको अनुभव लिइ नेपाल फर्किएका व्यक्तिहरूको स्थिर पुनर्वासका लागि चरणबद्ध रूपमा सहयोगी भूमिका कार्यान्वयन गर्न लागिएको हो । यस परियोजना सञ्चालन भएपश्चात् विगत एक वर्षमा नेपाली आप्रवासी कामदारको उद्यमशीलता क्षमतालाई सुदृढ गर्ने कार्यक्रमको मूल्यांकन गर्दै नौ जना उत्कृष्ट सहभागीले उद्यमशीलता विचार प्रस्तुत गर्ने प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा कोरियाको आधारभूत उद्यमशीलता शिक्षण पाठ्यक्रम, नेपालको वस्तुस्थितिमा उपयोगी पाठ्यक्रम, इन्क्युवेसन र स्टार्टअपसम्बन्धी विषय समावेश गरिएको थियो । कोरिया सरकारले सन् २०२२ देखि नेपाली आप्रवासी कामदारलाई कोरियामा रोजगारमा जानुपूर्व तालिमदेखि फर्केपश्चात् व्यवसाय सुरू गर्न सहयोग गर्नेसम्म चरणबद्ध रोजगारी र उद्यमशीलता शिक्षा प्रदान गर्दै आएको छ । यसका लागि ८० लाख अमेरिकी डलरको बजेट लगानी गरेको छ । उद्यमशीलता तालिम पूरा गरेका स्टार्टअपहरूलाई स्टार्टअप पुँजी (ऋण) र वित्तीय सहयोगसँग जोड्न मद्दत गर्ने जानकारी दिइएको छ ।

क्रमशः पृष्ठ २ मा




**पृष्ठ १ बाट क्रमश:**

## मन्त्रीस्तरीय...

यसबारे मन्त्रीज्यूलाई जानकारी दिएको छु,' उनले भने। आन्दोलनरत पक्षले केबलकार निर्माण खारेजीबाहेक अन्य माग नभएको जनाएको छ । तर, सरकारले बेवास्ता गरे भोलि (सोमबार) आन्दोलनमा सम्बद्ध संस्था र राजनीतिक दलहरूले आन्दोलनका थप कार्यक्रम घोषणा गर्ने चेतावनी दिएको छ ।

शनिबार सरकारले मन्त्रीस्तरीय वार्ता समिति गठन नगरे के गर्ने भन्ने विषयमा आन्दोलनसँग जोडिएका संस्था र राजनीतिक दलहरू आबद्ध बैठक बसेको छ। बैठकमा आजसम्म मन्त्रीस्तरीय वार्ता समिति गठन नगरे चाल्नुपर्ने सम्भावित कदमबारे छलफल भएको किरात याक्थुङ चुम्लुङकी महासचिव निरन्ती तुम्बापोले बताइन् । 'हामी वार्ता नबस्ने होइन बस्ने तर सरकारी वार्ता टोलीचाहिँ मन्त्रीको नेतृत्वमा हुनुपर्‍यो । किनभने यो समस्याको समाधान मन्त्रीस्तरको वार्ता समितिले मात्र गर्न सक्छ तर यदि गठन गरेन भने हामी त झन् चरणबद्ध आन्दोलनमा जान्छौं, त्यसबारे पनि बैठकमा छलफल भयो,' उनले भनिन् ।

आन्दोलनकै क्रममा यही १२ माघमा ताप्लेजुङको फुङ्लिङ नगरपालिका-११ मा पर्ने काफ्लेपार्टी नजिकैको बलुडाँडामा आन्दोलनरत पक्षमाथि सशस्त्र प्रहरीले गोली प्रहार गरेको थियो । त्यस क्रममा तीन जना आन्दोनलकारी गम्भीर घाइते भए। दुई जना घाइते भए । सामान्य घाइते थुप्रै भए। सशस्त्र प्रहरीतर्फ पनि २१ जना घाइते भएको गृह मन्त्रालयको दाबी छ ।

सोही दिनको घटनापछि आन्दोलनमा रहेको नो केबलकार पक्षले मेची राजमार्ग, तमोर कोरिडोरसँगै तेह्रथुमदेखि ताप्लेजुङ जोड्ने सडकमा यातायात बन्दा गरेको थियो। दुई दिन भने अरुण-सभाखोला पूर्वआमहड्ताल नै आह्वान गरे । यसपछि सरकारले गृह मन्त्रालयकै सहसचिव भट्टराईको संयोजकत्वमा वार्ता समिति गठन गरेको थियो । सोही वार्ता समितिसँग वार्ताका लागि सहजीकरण गर्न आन्दोलनरत पक्षले प्राज्ञ तुम्याहाङको नेतृत्वमा समिति गठन गरेको थियो । सोही समिति र सरकारी वार्ता टोलीबीचको सहमतिअनुसार काम नभएको र मन्त्रीस्तरको वार्ता समिति सरकारले गठन नगरेपछि आन्दोलनरत पक्ष बिच्किएको छ। केबलकार निर्माणको काम यही ८ माघदेखि धमाधम भइरहेको छ । केबलकार निर्माण गरिँदा लिम्बू जातिको मुन्धुमीस्थल मुक्कुम्लुङको महिमा घट्ने चिन्ता प्रकट गरिँदै आएको छ।

■■■

## केबलकारले...

ढकालले भने केबलकार बनाउँदा मन्दिरको ऐतिहासिकता र पहिचान गुम्ने दुस्प्रचार गरिएको भन्दै खण्डन गरेका छन् । उनले अनुमति पाए पनि लामो समयसम्म केबलकार निर्माणको काम अघि बढ्न नसकेको र करिब दुई वर्षअघि पाथीभरा केबलकारमा आइएमई समूहको प्रवेशसँगै आयोजना निर्माणले गति लिएको बताए। तर, सम्झौता भने दुई वर्षभित्र काम सम्पन्न गर्ने भनिएको छ । त्यो सम्झौता २९ पुस २०७५ मा वन तथा भू-संरक्षण विभाग र पाथीभरा देवी दर्शन केबलकार प्रालिबीच भएको थियो। २४ बुँदे सम्झौतामा हस्ताक्षर गर्ने तत्कालीन कम्पनीका तर्फबाट सोनाम शेर्पा र वन विभागका तर्फबाट वन संरक्षण अधिकृत राकेश कर्णले गरेका थिए।

सोही सम्झौताअनुसार केबलकार निर्माण हुनुपर्थ्यो। नहुँदा आयोजना स्वतः रद्द हुने भनिएको थियो । तर, त्यसो भएन । बरु, पछि शेर्पा समूहबाट ढकालले हात पारे र रद्द भइसक्नुपर्ने आयोजना अघि बढाएका छन्। उनै ढकालले अहिले कामले गति लिएको दाबी गरेका हुन् । सम्झौताअनुसार भने रद्द भइसक्नुपर्ने आयोजनाले सरकारबाटै संरक्षण पाएको सरोकारवालाहरूको भनाइ छ।

ढकालले केबलकार निर्माणले बालबालिका, वृद्धवृद्धा, शारीरिक रूपमा अशक्त र उकालो ओरालो हिँड्न नसक्नेहरूका लागि सहज हुनुका साथै सम्पूर्ण तीर्थयात्री तथा पर्यटकलाई सुविधा पुग्ने दाबी गरेका छन्। तर, धार्मिकस्थल पावन भूमि भएकाले त्यस्ता ठाउँमा पाउ कष्ट गरेर जानुपर्ने मूल्य मान्यता छ । सोहीअनुसार भारतको केदारनाथ होस् वा मानसरोवरमा हालसम्म केबलकार निर्माण गरिएको छैन । हिँडेरै तीर्थाटन गर्न जाने गरिन्छ । अन्यन्त्र पनि त्यस्तै गरिन्छ । तर, व्यापारको जाल फ्याँकेका ढकालले भने बालबालिका, वृद्धवृद्धा र शारीरिकरूपमा अशक्त भएकाहरूलाई केबलकारले सहज हुने बताएका हुन्।

उनले स्वदेशी र विदेशी तीर्थयात्री र पर्यटकको संख्यामा उल्लेख्य वृद्धि हुने पनि बताएका छन्। स्वाभाविक रूपमा तीर्थयात्री र पर्यटकको संख्या मुक्कुम्लुङमा केबलकार बन्दा हुन सक्छ । तर, त्यसो हुँदा ताप्लेजुङ सदरमुकाम फुङ्लिङसँगै मुक्कुम्लुङ क्षेत्र जाने बाटो आसपासका व्यापार व्यवसाय संकटमा पर्ने चिन्ता प्रकट भइरहेको छ । कारण, तीर्थयात्रीहरू छिटो मुक्कुम्लुङ केबलकारबाट पुग्दा फर्केर आउने हुँदा आन्तरिक व्यापार व्यवसाय धराशायी हुने स्थानीयको गुनासो छ।

■■■

## गुरुङको...

गणतान्त्रिकका कुन्छादोर्जे डिम्दोङले सचिव पदमा उम्मेदवारी दिने भएका छन् । उनी आकृति रिक्रुटिङ प्रालिका सञ्चालक हुन्। यसैगरी गणतान्त्रिकबाट दुई सदस्यमा युनिभर्सल एचआर सोलुसन प्रालिका भरत सापकोटा र रिजा ओभरसिज प्रालिकी रेखा शर्मा छन् । यसबाहेक सबै पदाधिकारी र सदस्यहरू लोकतान्त्रिक एसोसिएसनबाटै रहेका छन् ।

प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रालिका नरेन्द्रप्रसाद ढकाल, द्वितीय उपाध्यक्षमा अलट ओभरसिज प्रालिका देवकुमार खोखाली र तृतीय उपाध्यक्षमा इम्प्लोमेन्ट क्रियसन सर्भिस प्रालिका हर्कबहादुर लिम्बू उम्मेदवार बन्ने निश्चित भएको छ । यस प्यानलबाट महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रालिका महेशकुमार बस्नेत र कोषाध्यक्षमा रोज हयुमन रिसोस प्रालिकी सबिताकुमारी सिंहलाई उम्मेदवार बनाइएको छ । यसैगरी सदस्यका उम्मेदवारहरूमा विक्रम श्रेष्ठ (शुभहारती ओभरसिज प्रालि), विद्यालक्ष्मी वज्रचार्य (इम्पेरियल ओभर्सिज प्रालि), दीपककुमार राय (ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रालि), देवीप्रसाद गिरी (हिमालयन भ्याली नेपाल प्रालि), सुवर्ण लामा (रसुवा ओभरसिज प्रालि) र सुमनराज पाण्डे (स्क्युर नेपाल प्रालि) रहेका छन् ।

अध्यक्षका उम्मेदवार गुरुङले लोकतान्त्रिक एसोसिएसनमा रहेको आन्तरिक विवादसमेत टुंगिएको बताए । यसअघि कुमुद खनाललगायत असन्तुष्ट समूहले छुट्टै प्यानल घोषणा गरेका थिए । गुरुङलाई उम्मेदवार बनाउने एसोसिएसनको निर्णयमा असन्तुष्टि जनाउँदै खनालको नेतृत्वमा प्यानल घोषणा भएको थियो। तर, शनिबारको सहमतिपछि लोकतान्त्रिक एसोसिएसन र गणतान्त्रिकको एउटामात्र प्यानल रहने गुरुङले बताए । 'आन्तरिक विवाद अब केही छैन । मेरो नेतृत्वमा एउटै प्यानल चुनावमा जान्छ,' उनले प्रभावसँग भने ।

■■■

## 'स्टार्टअप'...

कोइकामार्फत सञ्चालन गर्ने यो परियोजना नेपालको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, कृषि विकास बैंक, द ब्रिज इन्टरनेसनल, कोरिया फेडरेसन अफ कम्युनिटी क्रेडिट कोअपरेटिभ, एमवाई एससीजस्ता कन्सोर्टियम संस्थाहरूसँगको सहकार्यमा कार्यान्वयन भइरहेको छ। शुक्रबारको कार्यक्रममा नेपालस्थित कोरियाली राजदूत पार्क थेयङ, नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव निश्चलराज पाण्डे, कोइका नेपाल कार्यालय प्रमुख खोङ मुहन र नेपाल स्टार्टअप इकोसिस्टमका प्रतिनिधिलगायतको उपस्थिति थियो।

उक्त अवसरमा, स्टार्टअपसम्बन्धी आफ्नो प्रस्तुति दिने प्रतियोगीहरूले योजनामा रहेको उत्कृष्ट उद्यमशीलता क्षमता प्रस्तुत गर्नुका साथै विभिन्न व्यावसायिक मोडलहरू प्रस्तुत गरेका थिए । साथै, कोरियामा कार्यरत हुँदा हासिल गरेको सीप, ज्ञान र क्षमताको उपयोग गरेर स्वदेश फर्केपछि सफल उद्यमशीलताका उदाहरणहरू समावेश गरेका थिए । नौ जना प्रतियोगीमध्येबाट पाँच जना उद्यमीलाई उत्कृष्ट उद्यमीका रूपमा छनोट गरिएको थियो।

■■■

## अध्यादेशमा...

शनिबार बस्ने भनिएको संसदीय दलको बैठक पनि बसेन। सोही बैठकबाट अध्यादेश स्वीकार गरेर सरकारलाई सहयोग गर्ने कि अस्वीकार गरेर विपक्षीको लाइनमा उभिने भन्ने निर्णय गर्ने भनिएको थियो ।

जसपा नेपालका प्रवक्ता मनिष सुमनका अनुसार हतार गरेर कुनै निर्णय नलिइने बताए । उनले सोच विचार गरेरमात्रै अध्यादेशबारे निर्णय लिने पक्षमा जसपा नेपाल रहेको बताए । राष्ट्रियसभामा सत्तारुढ गठबन्धनसँग बहुमत छैन। ५९ सदस्यीय राष्ट्रियसभामा अध्यादेश स्वीकार गर्न बहुमत ३० सांसदको साथ चाहिन्छ।

राष्ट्रियसभामा अध्यादेशको पक्षमा कांग्रेसका १६, एमालेका १०, मनोनीत दुई र लोसपाका एक गरी २९ सांसद छन्। विपक्षमा माओवादीका १७, एकीकृत समाजवादीका आठ र राष्ट्रिय जनमोर्चाका एक गरी २६ सांसद छन्। निर्णायक रहेको जसपा नेपालका तीन जना सांसद छन् । जसपा नेपालले स्वीकार गर्ने निर्णय लिए अध्यादेशमा बहुमत पुग्ने छ । तर, अध्यादेश अस्वीकार गर्ने पक्षमा उभियो भने दुवैतिर समान २९-२९ सांसद हुने छन्। त्यस्तो अवस्थामा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले मत दिनुपर्ने हुन्छ। माओवादी केन्द्रका दाहाल राष्ट्रपतिबाट मनोनीत सांसद हुन्। त्यसैले उनले विपक्षमा मत दिने र अध्यादेश अस्वीकृत गर्न सक्ने टिप्पणी भइरहेको छ ।

# कामपाले सामुदायिक विद्यालयलाई स्मार्ट बोर्ड उपलब्ध गराउने

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयको शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउने उद्देश्यले 'स्मार्ट एलइडी बोर्ड' उपलब्ध गराउने भएको छ । कामपाको शिक्षा विभागले सार्वजनिक खरिद प्रक्रियामार्फत प्राप्त गरेका बोर्डहरू सूचना प्रविधि विभागबाट बोलपत्रको प्रावधानसम्बन्धी प्राविधिक जाँच गराएर विद्यालयमा वितरण गर्ने भएको हो। ३१३ थान बोर्ड खरिद गरिएको कामपाले जनाएको छ।

शिक्षा समितिका संयोजक एवं महानगरपालिकाका प्रमुख बालेन्द्र साहको अध्यक्षतामा बिहीबार बसेको समितिको बैठकले सामुदायिक विद्यालयलाई 'स्मार्ट एलइडी बोर्ड' उपलब्ध गराउने निर्णय गरेसँगै बोर्ड खरिद गरिएको कामपाले जनाएको छ । बैठकले आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा समितिका सदस्य मनोनयन गरेको छ । कामपाको विद्यालय शिक्षा नियमावली, २०७४ को नियम ३६ (२) मा आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन र व्यवस्थापन गर्नका लागि शिक्षा अधिकारीको संयोजकत्वमा सात सदस्यीय समिति गठन गर्ने निर्णय गरेको छ।

सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूमध्ये एक जना, स्थायी शिक्षकहरूमध्ये आधार भूत र माध्यमिक तहबाट एक जना पर्नेगरी दुई जना सदस्य शिक्षा समितिले मनोनयन गर्ने व्यवस्था छ। सोहीअनुसार बाल व्यवसायी माध्यमिक विद्यालयका प्रधानाध्यापक रामप्रसाद ढुंगाना, कुलेश्वर माध्यमिक विद्यालयका माध्यमिक तहका गणित शिक्षक मञ्जु मगराती र विश्व निकेतन माध्यमिक विद्यालय, त्रिपुरेश्वरका निम्न माध्यमिक तहका नेपाली शिक्षक विष्णुहरि अधिकारी मनोनीत भएका छन्।

यस्तै संस्थागत विद्यालयका शिक्षकमध्ये ज्ञानमन्दिर माध्यमिक विद्यालयका शिक्षक रविन बस्नेत र अभिषेक ज्ञान मन्दिर माध्यमिक विद्यालयका शिक्षक श्याम योञ्जन मनोनयन भएका छन्। समितिको सदस्य सचिवमा विभागबाट परीक्षा हेर्ने अधिकृत रहने छन्।

समितिले सहरी योजना आयोगका सदस्य इञ्जिनियर शैलेन्द्र झाको संयोजकत्वमा संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क प्रस्ताव समिति गठन गरेको छ । शिक्षा समितिका सदस्य एवं वडाध्यक्ष चिनीकाजी महर्जन, दिनेश महर्जन र विनोदकुमार राजभण्डारी समितिको सल्लाहकार छन् । आयोगका सहायकविज्ञ सस्मित पोखरेल, शिक्षा अधिकृत रुक्मिला इटनी, अभिभावक संघको अध्यक्ष वा सदस्य वा त्यस्तो संघ नभएमा अभिभावकमध्ये दुई जना मनोनीत, महानगरपालिकास्तरीय प्याब्सन, एनप्याब्सन, शिक्षा विभागको इञ्जिनियर समितिको सदस्य छन्। समितिको सदस्यसचिवको काम शिक्षा विभागका प्रमुखले गर्ने कामपाले जनाएको छ।


## बागमती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**झुरझुरे, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८१/१०/२७**

बागमती गाउँ कार्यपालिका कार्यालयको प्रथम पटक मिति २०८१/०९/१४ गते सौर्य दैनिक पत्रिका तथा PPMO को E–Procurement Portal मा समेत प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित र सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७(१) को प्रयोजनार्थ यो आशयको सूचना सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | सफल बोलपत्रदाताको नाम र ठेगाना | प्रस्तावित रकम रू. (VAT & PS सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | BRM/NCB/WORKS/008/2081/082 | Construction of office Building, View Tower, Railing work for Jhurjhure Yudha Park at Bagmati-04 | Pulami and Sons Construction, Bagmati-5, Makwanpur, Nepal | ८७,८२,६७१।९२ | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Bedkot Municipality
## Office of Municipal Executive
**Sisaiya, Kanchanpur**
**Sudurpakshim Province, Nepal**

### Invitation For Sealed Quotation

**Date Of Publication: 2081/10/27 ( 09-Feb-2025 )**

1. Bedkot Municipality, Office of Municipal Executive, Kanchanpur invites Bid for the following works:

| S.N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount Without VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | 21/NCB/BTR/2081/082 | Polkhari Harendra Boharako Pas-aldekhi Dakshin Oraalighat samma mul sadak Kalopatre Nirman. | 90 days | 3,885,095.13 | 110,000.00 | 3000.00 |

| | |
|---|---|
| Further Information to bidders; | |
| Last date and time of Bid Submission | 2081/11/27 ( 11-March-2025 ) (upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2081/11/27 ( 11-March-2025 ) ; at 2:00 PM, At Bedkot Municipality Office,Kanchanpur |
| Bid Security Validity Period | 30 Days beyond bid validity period ( 120 Days ) |
| Account No. for Bid Document Purchase | NIC Asia, Daijee, GA1.1-ANTARIK RAJASHWA KHATA -BEDKOT NAGARPALIKA- 1852050028240002 |
| Account No. for Bid Security Deposit | beyond the validity period of the bid, OR Name of the Bank: NIC Asia Bank, Daijee, Kanchanpur Name of Office: Bedkot Municipality, Kanchanpur<br>Office Account No. : I5CA052423252403 (Dharauti Khata) |

2. Bidders shall submit their Bids e-copy only . For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Bedkot Municipality Office, Kanchanpur Contact No: 099-413121

3 . If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**



**सालिनदीमा भक्तजनको घुइँचो** | काठमाडौंको साँखुस्थित सालिनदीमा भक्तजनको घुइँचो । प्रत्येक वर्ष एक महिना चल्ने माधवनारायण मेला भर्न आएका भक्तजनको ठूलो भीड लागेको छ । *तस्बिरः नवीन पौडेल/रासस*

# क्षेत्र निर्धारण गरेर फोहोर व्यवस्थापन गर्दै कामपा

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाको फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्नका लागि छ वटा क्षेत्र निर्धारण गरेको छ। फोहोर व्यवस्थापन थप सहज र प्रभावकारी बनाउनका लागि नयाँ व्यवस्था गर्न लागिएको कामपा वातावरण व्यवस्थापन विभागले जनाकारी दिएको छ ।

वातावरण विभागकी प्रमुख सरिता राईका अनुसार छ वटै क्षेत्रमा एक-एक वटा ट्रान्फरस्टेसन तयार गरी उक्त स्थानबाट फोहोरको अन्तिम व्यवस्थापनका लागि 'ल्याण्डफिल साइट' बञ्चरेडाँडा लगिने छ । त्यसका लागि कामपाले ३२ वटा वडालाई भौगोलिक र जनसंख्याको आधारमा क्षेत्र निर्धारण गरेको हो ।

स्रोतमा नै वर्गीकरण गरिएको फोहोरमात्रै व्यवस्थापन गरिने राईको भनाइ छ । काठमाडौं उपत्यकाको १८ स्थानीय तहमा उत्पादित फोहोर 'ल्याण्डफिल साइट' बञ्चरेडाँडा लैजाँदा उक्त स्थानमा प्रदूषण बढ्नुको साथै फोहोरमैला संकलन ढुवानीमा खर्च बढ्ने भएकाले वर्गीकृत फोहोर क्षेत्र निर्धारण गरेर व्यवस्थान गर्न लागिएको हो ।

यसका लागि कामपाले उत्पादकलाई फोहोर व्यवस्थापनको जिम्मा लागाउने गरेको छ । प्रमुख राईका अनुसार फोहोरमैला व्यवस्थापन ऐन २०६८ तथा काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ अनुसार फोहोर स्रोतमै वर्गीकरण गर्नुपर्ने कानुनी व्यवस्था छ ।

हाल वडा नं ५, १०, २४, २५, २६ र २७ मा स्रोतमै फोहोर वर्गीकरण भइरहेको छ । अब छिट्टै अन्य वडामा पनि फोहोर वर्गीकरण गरेर मात्रै व्यवस्थापन गर्ने तयारी कामपाको छ। स्रोतमा उत्पादित फोहोरमध्ये २० प्रतिशत बञ्चरेडाँडामा लैजाने र बाँकी सेवा प्रदायकमार्फत व्यवस्थापन गरिने छ । यसअघि भित्री नौ वडाबाहेक अन्यको फोहोर निजी संघसंस्थाले व्यवस्थापन गर्दै आएको थियो ।

हाल काठमाडौं उपत्यकाको १८ स्थानीय तहबाट दैनिक एक हजार ६०० मेट्रिक टन फोहोर निस्कने गर्छ । साविकको सिसडोलमा व्यवस्थापन हुँदै आएको फोहोर उक्त स्थान भरिएपछि विगत साढे दुई वर्षदेखि बञ्चरेडाँडामा व्यवस्थापन गरिँदै आएको छ ।

### कसरी गर्ने फोहोर वर्गीकरण ?

भान्सामा कुहिने र नकुहिने गरी दुई किसिमको फोहोर जम्मा भएको हुन्छ । कुहिनेलाई छुट्टै र नकुहिनेलाई छुट्टै भाँडामा राख्नु वर्गीकरण हो । नकुहिने फोहोर उत्पादक आफैंले बेच्न सक्छन् । कुहिने फोहोर उत्पादकले नै मल बनाउन सकिन्छ । मल बनाउन सकिएन भने कामपाबाट फोहोर संकलन गर्न आएको सवारीसाधनमा राखेर पठाउन सकिन्छ ।

तरकारी (साग सब्जी), बढी भएको खानेकुरा, माछा मासु, हड्डी, अण्डा, चियाको छोक्रा, फलफूलका बोक्रा, खानेकुरा केलाउँदा आएको वस्तु, रुखका पात कुहिने फोहोर हुन् । यस्तै प्लास्टिक, सिसा, कागज, कपडा, जुत्ता, सामान प्याक भएर आएका सामान, काठ, रबर, सिमेन्टको ब्याग, बोतल, फलाम आदि नकुहिने फोहोर हुन् ।

## प्रेस काउन्सिललाई उपत्यका प्रदेश समितिको ज्ञापनपत्र

# पत्रपत्रिका वर्गीकरणको काम निष्पक्ष ढंगले गर्न माग

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश समितिले पत्रपत्रिका वर्गीकरणको काम निष्पक्ष ढंगले गर्न प्रेस काउन्सिल नेपालसँग माग गरेको छ। प्रदेश अध्यक्ष टेनिस रोका संयोजकत्वको प्रतिनिधिमण्डलले शुक्रबार काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतलाई ज्ञापनपत्र बुझाउँदै पत्रपत्रिका वर्गीकरणको काम पारदर्शी र विनापूर्वाग्रही ढंगले निष्पक्ष, विवादरहित बनाउन माग गरेको हो ।

उपत्यका प्रदेश समितिले प्रेस काउन्सिललाई मर्यादित, जिम्मेवार र पूर्वाग्रहरहित ढंगले आफ्ना कार्य गर्न पनि ध्यानाकर्षण गराएको छ । प्रदेशले सूचना विभागले अनलाइन मिडियाको दर्ता प्रक्रियाको कार्य गर्ने भएको हुँदा काउन्सिलमा पुनःसूचीकरण गरेर मिडिया सञ्चालक तथा पत्रकारलाई थप झण्झट प्रदान गर्ने कार्य हटाउनसमेत माग गरेको छ ।

प्रदेश समितिले विभिन्न अनलाइन मिडियालाई सूचीकरणबाट हटाइएकोप्रति ध्यानाकर्षण भएको जनाउँदै तत्काल उक्त निर्णय फिर्ता लिन मागसमेत गरेको छ । 'कालोसूचीमा राख्ने निर्णयप्रति प्रदेश समिति आपत्ति व्यक्त गर्दछ । यस्तो गम्भीर किसिमको निर्णय अर्धन्यायिक निकायबाट नभएर न्यायिक परीक्षणबाट प्रमाणित भएकोलाई मात्र मान्न सकिने स्पष्ट पार्न चाहन्छौं,' ज्ञापनपत्रमा भनिएको छ । मिडिया विकास कोषअन्तर्गतका सेवा सुविधामा काठमाडौं उपत्यकालाई समावेश नगरेकोप्रति पनि प्रदेशले आपत्ति प्रकट गरेको छ। कार्यविधि संशोधन गरेर सबैभन्दा धेरै पत्रकार र सञ्चारमाध्यम रहेको उपत्यका प्रदेशअन्तर्गतका जिल्लालाई यो सेवा सुविधामा समावेश गर्न प्रदेशको माग गरेको छ ।

# टोखामा सार्वजनिक जग्गामा बनाइएको संरचना हटाइयो

**काठमाडौं (प्रस)–** टोखामा साढे १० रोपनी सार्वजनिक जग्गा अधिग्रहण गरी निर्माण गरिएका संरचना हटाइएको छ । टोखा नगरपालिकाको सार्वजनिक जग्गा संरक्षण गर्ने नीति लिएअनुसार टोखा नगरपालिका-५ वडा कार्यालय नजिक बसुन्धरामा निर्माण गरिएको अवैध संरचनामा डोजर लगाएको हो ।

टोखाले सार्वजनिक जग्गामा निर्माण गरिएका घरटहरा हटाउन माघ २४ गतेसम्म समय दिए पनि उक्त समयमा निर्माण गरिएका संरचना नहटाएपछि शुक्रबार बिहानै डोजर लगाएको हो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले नगरपालिकाले सार्वजनिक जग्गा संरक्षण गर्ने नीति लिएअनुसार अतिक्रमण गरेर निर्माण गरिएका संरचना हटाइएको जानकारी दिए। संरचना हटाएर खाली गरिएको जग्गामा चारैतिर तारबार लगाउने प्रमुख प्रशासकीय अधिकृत बिसीले बताए ।

टोखाले यसअघि विष्णुमती नदीको आसपासमा खोला मिचेर निर्माण गरिएका संरचना हटाएर विष्णुमती 'करिडोर' निर्माणको कामलाई अगाडि बढाइसकेको छ । नगरपालिकाले नयाँ बसपार्क क्षेत्रको विष्णुमती खोला वरपर सार्वजनिक स्थानमा राखिएका व्यापारीका टहराहरू पनि हटाई सार्वजनिक जग्गाको संरक्षण कार्य सुरू गरेको छ ।


## संस्थापक शेयर खरिद गर्न चाहनुहुने संस्थापक शेयरधनी महानुभावहरुलाई जरुरी सूचना

(प्रकाशित मितिः २०८१/१०/२७)

यस कम्पनीको संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयर विक्रि गर्ने इच्छा जाहेर गरी यस कम्पनी समक्ष निवेदन दिनुभएकोमा उक्त निवेदन संचालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई खरिद विक्रि गर्ने प्रकृया अघि वढाउने निर्णय भएकोले सो संस्थापक शेयर खरिद विक्रिमा साविकका संस्थापक शेयर धनीहरुलाई प्राथमिकता दिनुपर्ने विद्यमान व्यवस्था भएको हुँदा यस कम्पनीको सम्पूर्ण संस्थापक शेयर धनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अतः कुनै संस्थापक शेयरधनीलाई संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको प्रधान कार्यालय कमलादी, काठमाडौंमा निवेदन दिनुहुन अनुरोध छ । सो समयभित्र प्राप्त निवेदनका आधारमा शेयर खरिद विक्रि प्रकृया अघि वढाइने व्यहोरा समेत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदछौं ।

**RELIANCE FINANCE LIMITED**
रिलायन्स फाइनान्स लिमिटेड

**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा



## वार्षिक साधारणसभाको सूचना

यस **युनिटी लाइफ इन्टरनेशनल लि.** मिति २०८१/१०/२५ गते बसेको सञ्चालक समितिको निर्णयानुसार कम्पनीको **१६औं वार्षिक साधारणसभा** देहायको मिति, समय र स्थानमा देहायको विषयहरु उपर छलफल गरी निर्णय अनुमोदनको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति** : २०८१/११/१७ गते, शनिबार
**समय** : विहान ११:३० बजे
**स्थान** : कम्पनीको रजिष्ट्रर्ड कार्यालय, वडा नं. २९, सामाखुसी, काठमाडौं

**छलफलका विषयहरु:**

**क) सामान्य प्रस्ताव:**

१. सञ्चालक समितिका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखा परीक्षण प्रतिवेदन र आ.व.२०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहलगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने बारे ।

**ख) विविध ।**

आज्ञाले
कम्पनी सचिव
**युनिटी लाइफ इन्टरनेशनल लि.**
का.म.न.पा.–२९, सामाखुसी, काठमाडौं



# Kachankawal Rural Municipality
## Office of The Rural Municipal Executive
Baniyani, Jhapa
Koshi Province, Nepal

## Invitation for e-Bids

**Date of Publication: 27 Magh 2081 (9 Feb. 2025)**

Kachankawal Rural Municipality invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures.

| S.N. | Contract ID. | Name of Projects | Estimated Amount (NRs.) (Excluding VAT & Contingencies) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last date of Bid Submission | Bid Opening |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/ KACHANKAWAL/ 2081-82/02 | Construction of RCC Box Culverts at :- i) BP Ban Batika, KRM-3 ii) Marwadi Baandh, KRM-1 iii) Bishal Basti, KRM-6 iv) Ganga Basti (Gedga Chowk), KRM-3 v) Jay Guru Road, KRM-1 | 90,34,068.62 | 3000.00 | 2,30,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2081/11/27 (11 March 2025) 12:00 PM | 2081/11/27 (11 March 2025) 01:00 PM |
| 2 | NCB/WORKS/ KACHANKAWAL/ 2081-82/03 | Interlock Concrete Block (Pavers) Works + RCC Drain, KRM-6, Baniyani Bajar | 65,45,128.13 | 3000.00 | 1,70,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2081/11/27 (11 March 2025) 12:00 PM | 2081/11/27 (11 March 2025) 01:00 PM |
| 3 | NCB/WORKS/ KACHANKAWAL/ 2081-82/04 | Construction of Ward Office (RCC Building), KRM-1, Gherabari | 93,87,800.03 | 3000.00 | 2,40,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2081/11/27 (11 March 2025) 12:00 PM | 2081/11/27 (11 March 2025) 01:00 PM |

Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**
**Kachankawal Rural Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बजेट कार्यान्वयनमा सुधारको अपेक्षा व्यर्थ

केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकार दुईतिहाइ बहुमतसहितको हो । त्यसमा पनि संसद्को पहिलो र दोस्रो ठूलो दलको गठबन्धनमा बनेको सरकार । साना दलका कारण सरकार अस्थिर बनेको भन्दै अस्वाभाविकरूपमा पहिलो र दोस्रो दलले मिलेर सरकार बनाएका थिए । र, मुलुकको समृद्धिको नारा, सपना बाँडेको छ ओली सरकारले । संसद्को अंकगणित हेर्दा निकै सहज स्थितिमा छ ओली सरकार, प्रतिपक्ष निकै कमजोर अवस्थामा छ । तर, यति सहज स्थितिमा पनि ओली सरकारको 'पर्फमेन्स' निकै कमजोर देखिन्छ ।

उसो त प्रधानमन्त्री ओली र उनका मन्त्रीहरूले वर्तमान सरकार आएपछि विकास र सुशासनले गति लिएको भनेर भाषण गर्न हरेक दिन छाडेका छैनन् । यसमा साथ दिइरहेका छन् सत्ता साझेदार दल कांग्रेसका सभापति शेरबहादुर देउवाले । तर, नतिजा शून्य छ । न विकासको कामले गति लिएको छ, न त सुशासनले नै । 'आफ्नालाई जोगाउने' रणनीतिमा काम गरिरहेका प्रधानमन्त्री ओलीको कार्यशैली अहिले सर्वत्र आलोचित बनिरहेको छ ।

सरकारको कामको मूल्यांकन गर्ने मुख्य आधार बजेट कार्यान्वयनमा हो । बजेटको लक्ष्यअनुसार खर्च र राजस्व संकलनमा देखाउने नतिजाले सरकारको सफलता/असफलता निर्धारण गर्दछ । हालै सार्वजनिक बजेटको अर्धवार्षिक मूल्यांकन हेर्दा सरकार 'अ'सफल देखिन्छ । लक्ष्यअनुसार बजेट कार्यान्वयन गर्न नसकेपछि बजेटको आकार घटाइएको छ । चालु आर्थिक वर्षमा १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रूपैयाँ खर्च हुने अनुमान गरिएकामा अर्धवार्षिक समीक्षामार्फत १६ खर्ब ९२ अर्ब ७३ करोड ३५ लाख रूपैयाँ खर्च हुने संशोधित अनुमान छ । यो रकम सुरू विनियोजनको ९०.९९ प्रतिशत हो । अर्थतन्त्रमा सुधार ल्याएको दाबी गर्न हरेक दिन, हरेक कार्यक्रममा नछुटाउने अर्थमन्त्रीले आखिर बजेटको आय/व्यय लक्ष्य घटाए । यसले के प्रस्ट गर्छ भने- बजेट कार्यान्वयनको खराब प्रवृत्ति सुधार गर्न वर्तमान सरकार, विशेषगरी अर्थमन्त्री विष्णु पौडेल असफल भएका छन् ।

दुईतिहाइ बहुमतको सरकारले चाह्यो भने गर्न नसक्ने केही पनि होइन । केवल इच्छाशक्ति चाहिन्छ, मुलुक र जनताको हितमा काम गर्ने । त्यो इच्छाशक्ति र कार्यान्वयन क्षमता ओली सरकारले प्रस्तुत गर्नै सकेन । जसको परिणाम मुलुकले भोग्नुपरिरहेको छ । बढ्दो बेरोजगारी नियन्त्रणमा सरकारले ठोस काम गर्नै सकेको छैन । बरु वैदेशिक रोजगारीमा गएका श्रमिकहरूले पठाएका रेमिटचान्स बढ्यो भन्दै त्यसैमा रमाइरहेका छन्, अर्थमन्त्रीदेखि प्रधानमन्त्रीसम्म । वर्तमान सरकारबाट जनताले चाहेको नतिजा यो होइन । भाषणमा मात्रै प्रगतिको कुरा गर्ने प्रधानमन्त्रीले थोरै मात्र व्यवहारमा देखाउन सके जनता आशावादी हुने थिए कि ?

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) गन्तव्य मुलुकका दलालहरूबाट होसियार**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

**२. धार्मिक तथा स्थानीय कानुनको पालना**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

**३. आफ्नो सुरक्षा**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

**४. काममा लगनशील हुनुपर्ने**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

**५. ठेगाना र सम्पर्क नम्बर**

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# संसद्प्रति जनताको अपेक्षा र सांसदको दायित्व



■ हरिविनोद अधिकारी

> संसद् नै संसदीय व्यवस्थाको मुटु हो । संसद्ले नै सबै विवादहरूको समाधान शान्तिपूर्ण तरिकाले गर्छ र जनताको प्रतिनिधिको हैसियतले सरकारका सबै अंगहरूलाई नियन्त्रण र सन्तुलनका लागि पूर्वाधार तयार गर्छ । त्यसकारणले भनिन्छ, संसद्विना प्रजातन्त्र चल्नै सक्दैन, प्रजातन्त्रविना संसद्को कुनै अर्थ पनि हुँदैन । संसद् स्वतन्त्र हुन्छ, यति शक्तिशाली हुन्छ कि कार्यपालिकाको निरंकुशता र न्यायपालिकाको गलत निर्णयहरूको उपचार खोज्नका लागि नयाँ नयाँ कानुन बनाउने काम गर्छ । यस अधिवेशनलाई परिणाममुखी बनाउन सकिएमा आवश्यक कानुनहरु पारित हुनाका साथै संसद्प्रतिको जनविश्वास अझ बढेर जाने छ ।

संघीय संसद्का दुवै सदन- प्रतिनिधिसभा र राष्ट्रियसभाका बैठक यही माघ १८ गते सुरु भइसकेका छन् । २०७९ सालको आमनिर्वाचनपछिको संघीय संसद्को पाँचौं अधिवेशन हो । यो अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा हेरिएको छ । पहिलेदेखि संसद्का दुवै सदनमा रहेका, यसबीचमा प्रस्तुत भएका अध्यादेशहरू र विधेयक स्वीकृतिका लागि मन्त्रिपरिषद्मा विचाराधीनसमेत गरी झन्डै पाँच दर्जन कानुन बन्ने क्रममा देखिन्छन् । अधिवेशनको पहिलो दिन नै छवटा अध्यादेश दुवै सदनमा प्रस्तुत भइसकेका छन् ।

स्मरणीय छ, अध्यादेशको कानुनी उमेर बढीमा छ महिनाको हुन्छ, छ महिनाभित्रमा संसद्मा प्रस्तुत भएन भने यो स्वतः निष्क्रिय हुन्छ । छ महिनाभित्रैमा संसद्मा प्रवेश गरेमा ६० दिनभित्रमा संसद्ले सदर या बदर गरिसक्नुपर्छ । २०८१ असारको अन्त्यमा बनेको नेपाल कम्युनिस्ट पार्टी एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको नेपाली कांग्रेस सम्मिलित सरकारको कार्यावधि झन्डै सात महिना हुन लाग्यो । यसबीचमा सरकारले थालनी गरेका कतिपय कामहरूको कार्यान्वयनमा देखिएका कानुनी अड्चनहरूको समाधान खोज्न पाँचवटा अध्यादेश ल्याइएको छ । संविधानअनुसार संसद् नबसेको बेलामा आवश्यक परेर अध्यादेश ल्याएको हो, करिब दुई दर्जनभन्दा बढी ऐनमा संशोधन गर्नका लागि विभिन्न विषय समेटेर ती अध्यादेशहरू ल्याइएका छन् ।

सैद्धान्तिक कुरा गर्दा प्रत्येक लोकतान्त्रिक सरकारले संसद्को अधिवेशन नबसेको बेलामा, आवश्यकताअनुसार कुनै पनि बेला तत्काल चाहिएको कानुन भए राष्ट्रपतिमार्फत जारी गराउने संसदीय परम्परा छ । नेपालमा पनि त्यो परम्परा छ । संसद्को अधिवेशन कहिले बोलाउने भन्ने पनि हाम्रो संविधानअनुसार सरकारले अधिवेशनको मिति तोकेर राष्ट्रपतिमार्फत आह्वान गराउने परम्परा छ । त्यहीअनुसार संसद्को अधिवेशन पनि बोलाइएको हो र केही दिन पहिलेमात्र आवश्यक परेको भनेर अध्यादेश पनि जारी गरिएको हो । अध्यादेशको विरोध गर्नुभन्दा त्यसलाई कसरी जनमुखी बनाउन सकिन्छ भन्नेमा प्रतिपक्षी सांसदहरूले सुझाव दिन सक्छन् ।

यो अधिवेशनमा विभिन्न ऐनहरू बन्ने क्रममा छन् जसमा सबैभन्दा बढी चर्चित विद्यालयसम्बन्धी ऐन, प्रहरी ऐन, निजामती ऐन, सहकारी ऐन, मिडिया काउन्सिल ऐन, सामाजिक सञ्जाल ऐन र भूमिसम्बन्धी ऐन हुने छन् । भर्खरै राष्ट्रियसभामा मिडिया कानुन विधायन समितिको सुझावसहित प्रस्तुत भएको छ भने सरकारले सामाजिक सञ्जालसम्बन्धी विधेयक संसद्मा दर्ता गरेको छ । तिनका बारेमा चर्चा र निर्णय तत्काल आवश्यक परेको देखिन्छ । जहाँसम्म विद्यालयसम्बन्धी ऐनको कुरा छ, आज पनि पञ्चायतकालीन नयाँ शिक्षा योजना लागू गर्न ल्याएको शिक्षा ऐन २०२८ विभिन्न संशोधनमार्फत लागू भइरहेको अवस्था छ । बदलिँदो अवस्थामा विद्यालय ऐनमात्र होइन, विश्वविद्यालयहरूका लागि आवश्यक ऐनहरू पनि बन्नु जरुरी छ । त्यस्ता अनेक ऐन बन्न बाँकी छन्, जसले मौलिक हकको व्यवस्थामा बाधा पुऱ्याइरहेका छन् ।

विभिन्न विधेयक समितिहरूमा अड्केको अवस्था छ । अनि संसद्को अधिवेशन समाप्त भएपछि कतिले फेरि संसद्मा प्रवेश नै पाएका हुँदैनन् । या त सरकारको प्राथमिकतामा पर्दैनन्, या त संसद्को प्राथमिकतामा पर्दैनन् । जस्तो कि अध्यादेशका बारेमा संविधानमा नै स्पष्ट व्यवस्था छ, यदि संसद्मा प्रवेश गरेको ६० दिनमा पनि पारित भएन भने त्यो स्वतः निष्क्रिय हुन्छ र फेरि नयाँ विधेयक बनाएर ल्याउनुपर्छ या अध्यादेशका रूपमा कार्यान्वयन गराउनुपर्छ ।

त्यसैगरी, विधेयकमा पनि त्यस्तै प्रावधान राखिनु जरुरी छ । अहिलेको अध्यादेश आवश्यक परेर ल्याएकाले र तत्काल पारित नगरे कार्यान्वयनका लागि जटिलता थपिन्छ भनेर शीघ्र प्रक्रियाबाट पारित गराउने भनेर सत्तापक्षले भन्दै आएको छ र जुन संसद्मा विचाराधीन छ । संसद् सकारात्मकरूपमा विवादको समाधान खोज्ने थलो हो, जहाँ सांसदहरूले विचार मन्थन गरेर कानुन बनाउँछन् र समसामयिक रूपमा मुलुकका लागि अति आवश्यक विषयमा कानुन, संकल्प र विभिन्न सिद्धान्तहरू प्रतिपादन गरिन्छन् । तर संसद्लाई नै बन्धक बनाउनेगरी कयौं दिनसम्म संसद् अवरोध गरेर कुनै सानोतिनो विषयमा अनावश्यक विवाद गर्ने काम नगरियोस् भन्ने चाहना आमनागरिकमा हुन्छ । नागरिकको चेतना धेरै उन्नत छ । संसदीय व्यवस्थामा संसद्ले नै हो जनताका भावनाको प्रतिनिधित्व गर्ने । सरकार बनाउने र सरकारलाई बाटो देखाउने । संख्याको हिसाबले कहिले को पक्ष होला, कहिले को विपक्ष होला, को सरकारमा होला, को सरकारको विपक्षमा होला, तर संसद्ले जनताको प्रतिनिधित्व गरिरहेको हुन्छ जहिले पनि । यो हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा प्रयोग गरौं, संसद्लाई सरकारले 'बिजिनेस' दिनैपर्छ । विधेयकहरू रोकेर नराख्ने हो भने अध्यादेश सायदै आउला । त्यसैले यो अधिवेशनमा विवादभन्दा संवादमा जाउँ र जनताका आवश्यकता पूरा गर्न सरकारलाई झक्झकाऔं ।

## संसद्मा राजनीतिक सहनशीलता

संसद्मा अभिव्यक्ति स्वतन्त्रता नै राजनीतिक सहनशीलता र राजनीतिक उदारताको आधार स्तम्भ हो । शिष्टताका साथ मनमा लागेका कुराहरू भन्ने र आलोचना सुन्ने सुनाउने क्षमता नै अभिव्यक्ति स्वतन्त्रता हो । पक्ष र विपक्षका भनाइ र त्यहाँ हुने कटाक्ष अनि आवश्यकता परे मतदान र हारजित नै निरापद क्षमता बढाउने (इम्युन) र प्रतिरक्षा क्षमता बढाउने प्रक्रिया हो, जसले सहनशीलताको स्तर वृद्धि गर्दछ । प्रत्येक दलले आफ्ना सांसदलाई लगाम लगाउँछ, आदेश जारी गर्दछ कि यसो गर्ने वा यसो नगर्ने भनेर । विपक्षीहरूको काम कर्तव्यहरूले पनि सरकारलाई र सत्ताधारी दललाई सहनशील र अझ जिम्मेवार बनाउँछ । सभाध्यक्षले पक्षपात नगरी सहनशीलतालाई वृद्धि गर्दछन् । हाम्रो संविधानले संसद्लाई विशेषाधिकार दिएको छ, संसद्मा बोलिएका कुराहरूका आधारमा कानुनी उपचार खोज्न पाइँदैन र कतै कुनै अदालतमा उजुरबाजुर गर्न पाइँदैन ।

राजनीतिक सहनशीलता लोकतन्त्रको पहिलो सिद्धान्त नै हो । राजनीतिक विचारहरूको सहमति र सदाशयतालाई एउटै स्वरूप दिनका लागि राजनीतिक सहनशीलता वा राजनीतिक उदारता आवश्यक पर्दछ । आपसमा देखिने विवाद वा द्वन्द्वको समाधानका लागि पहिलो र आवश्यक तत्त्व नै राजनीतिक सहनशीलता वा राजनीतिक उदारता हो जसले आवश्यकताबमोजिम कसैसँग वार्ता वा छलफल गर्न र समस्या समाधानका लागि अघि बढ्न सक्षमता प्रदान गर्दछ ।

राजनीतिक सहनशीलता कसरी प्राप्त गर्न सकिन्छ ? राजनीतिक संस्कृतिको विकासबाट । राजनीतिक संस्कृतिको विकास कसरी सम्भव छ त ? शिक्षाबाट, अभिव्यक्ति स्वतन्त्रताबाट र सञ्चार माध्यमबाट । राजनीतिक सहनशीलता सबै दलका नेताहरूमा जरुरी छ । संघीय संसद्को अधिवेशन सुरु भएकै दिन राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा निलम्बित प्रतिनिधिसभाका सांसद रवि लामिछानेले सभामुख देवराज घिमिरेसमक्ष आफ्नो निलम्बन फुकुवा गरेर नियमितरूपमा संसद्का कार्यमा सक्रिय हुन पाउनेगरी भेटेरै निवेदन दिएका छन् र त्यो निवेदन महासचिवका नाममा दिएका हुन् । उनको विचारमा थुनाबाट आफू धरौटीमा छुटेकाले नियमितरूपमा संसदीय कारबाहीमा फर्कन पाउनुपर्ने भन्ने छ ।

संसद् नै संसदीय व्यवस्थाको मुटु हो । संसद्ले नै सबै विवादहरूको समाधान शान्तिपूर्ण तरिकाले गर्छ र जनताको प्रतिनिधिको हैसियतले सरकारका सबै अंगहरूलाई नियन्त्रण र सन्तुलनका लागि पूर्वाधार तयार गर्छ । त्यसकारणले भनिन्छ, संसद्विना प्रजातन्त्र चल्नै सक्दैन, प्रजातन्त्रविना संसद्को कुनै अर्थ पनि हुँदैन । संसद् स्वतन्त्र हुन्छ, यति शक्तिशाली हुन्छ कि कार्यपालिकाको निरंकुशता र न्यायपालिकाको गलत निर्णयहरूको उपचार खोज्नका लागि नयाँ नयाँ कानुन बनाउने काम गर्छ । यस अधिवेशनलाई परिणाममुखी बनाउन सकिएमा आवश्यक कानुनहरू पारित हुनाका साथै संसद्प्रतिको जनविश्वास अझ बढेर जाने छ । तसर्थ, संसद्को सदुपयोग गर्नका लागि सबै सांसदलाई सजग गराउनु नागरिक समाजको कर्तव्य हो र सञ्चारकर्मीहरूको दायित्व हो । *रासस*

*(लेखक राजनीतिक विश्लेषक हुन्)*

# अग्रगमनमा जान संविधान संशोधन गर्न सकिन्छ



■ जनार्दन शर्मा

मूलभूत रूपमा राजनीति अन्तै अल्झिरहेको छ । सेवाप्रवाह भनेजस्तो हुन सकिरहेको छैन । समग्र राज्य पुनःसंरचना हुनुपर्थ्यो । नयाँ योजना, कार्यशैली र संरचना हुनुपर्थ्यो । हामीले राजनीतिक परिवर्तन गरे पनि देशमा पुरानै राज्य संयन्त्रले निरन्तरता भयो । हाम्रो काम गर्ने तौरतरिका पुरानै छ । बजेट बनायो, त्यसलाई खर्च गर्ने अवस्था हुँदैन, कर्मचारीतन्त्रमा सबै कुरा अल्झन्छ । राजनीतिक नेतृत्व पनि कर्मचारीतन्त्रले के भन्छ त्यसमै लाग्छ । राजनीतिले कमान्ड गरिरहेको अवस्था छैन । अहिले झण्डै दुईतिहाइको सरकार छ, तर कमाण्ड गरेको छ त ? पुँजीगत खर्च र सेवाप्रवाहको अवस्था हेर्दा आशातीत प्रगति देखिँदैन । राज्य प्रणालीलाई सुधार गर्ने, त्यसलाई बलियो बनाउने र जनताप्रति उत्तरदायी बनाउने पक्षमा कहिनकहीँ कमजोरी छ ।

मुलुकमा सामन्तवादको अन्त्य भएर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुनु आफैंमा ठूलो उपलब्धि हो । जनतन्त्रका सवालमा संविधानमा अधिकारहरू पनि लेखिए । केही सम्बोधन गर्न बाँकी भए पनि जनताको मौलिक अधिकारको दृष्टिले धेरै विषय समेटिएका छन् । तर लेखिएका कुराहरूको व्यावहारिक कार्यान्वयन हुन सकेन । मौलिक हक कार्यान्वयन गर्न राज्यका संयन्त्र बलियो हुनुपर्थ्यो । ती जनताप्रति उत्तरदायी र सुशासनयुक्त हुनुपर्थ्यो । राजनीतिक पार्टीहरू सरकार निर्माण गर्ने र ढाल्नेमै बढी केन्द्रित हुँदा धेरै अहम् मुद्दाहरू ओझेलमा परे । जनता यसबाट अलगथलग रहे । राज्यको समग्र प्रणालीबाट जनता प्राथमिकतामा परेनन् ।

माओवादी केन्द्रले विगतदेखि नै संविधान संशोधनयोग्य हुन्छ भन्दै आइरहेको छ । संविधान संशोधन नै गर्न नपाइने, ढुंगामा लेखिएको अक्षर होइन । तर संशोधन अग्रगमनमा जान, जनताका अधिकारलाई सुदृढ गर्न, राज्य प्रणालीलाई थप व्यवस्थित गर्न हुनुपर्छ । समानुपातिक, समावेशीलगायतका जनताका अधिकार खोस्ने गरी होइन कि, अझ यसलाई समृद्ध बनाएर देशलाई प्रगतिका बाटोमा लैजानका लागि गरिने संशोधनको माओवादी विरोधी होइन । राज्यको पुनःसंरचना, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय शासकीय स्वरूप र पूर्ण समानुपातिक निर्वाचन प्रणालीका लागि संविधान संशोधन गर्न सकिन्छ । तर संविधानमा अहिले भएका अधिकारलाई कटौती गर्न र मुलुकलाई पछाडि फर्काउनका लागि गरिने संशोधन हुन दिँदैनौं ।

संविधान कार्यान्वयनसँग सम्बन्धित कतिपय कानुन जारी भएर पनि कार्यान्वयनमा आउन सकेका छैनन् । कतिपय कानुन बन्न बाँकी नै छन् । जस्तो संघीय निजामती, शिक्षा र प्रहरीलगायत महत्त्वपूर्ण ऐन बन्न बाँकी छ । ती ऐन शीघ्र जारी गर्ने सन्दर्भमा सरकारले सदनमा ल्याउने कानुनलाई संविधानको मर्म र देशको आवश्यकताअनुसार निर्माण गर्नेमा माओवादीको सक्रिय सहभागिता हुन्छ । त्यसलाई थप व्यवस्थित र जनउत्तरदायी बनाउन हामीले आफ्नो ठाउँबाट मिहेनत गर्छौं । तर, यहाँ एउटा विषय छ, यसैसँग जोडिएको । अहिले केही अध्यादेशहरू आएका छन् । सरकारले अध्यादेश ल्याउन पाउँछ । अध्यादेशमा सबै नराम्रा कुरा छन् भन्ने पनि होइन, राम्रा कुरा पनि छन् । ती प्रावधानले कतिपय क्षेत्रमा राम्रो गर्छ भन्ने पनि छ । तर त्यसभित्र घुसाइएर आएका कतिपय प्रावधान छन्, त्यसले प्रश्नहरू उठाएका छन् । हामी त्यस्ता प्रश्नहरूको स्पष्टताका लागि सरकारसँग आग्रह गर्छौं र नियत गलत भएका ठाउँमा प्रतिवाद पनि गर्छौं । संसद्ले बहुमतबाट निर्णय गर्न पाउँछ, तर आमजनभावनालाई ठेस पुग्नेगरी गर्न पाइँदैन । प्रमुख प्रतिपक्षीको हैसियतले माओवादीले जनभावनालाई जोडदाररूपमा संसद् र सडकमा उठाउँछ ।

सम्मानित सर्वोच्च अदालतले संक्रमणकालीन न्यायसम्बन्धी कानुन निर्माण गर्नू भनेर आदेश गरिसकेपछि पनि संसद्बाट कानुन निर्माण गर्न लामो समय लाग्यो । कानुनअनुसार पहिला बनेका आयोगहरूले केही काम थालनी गरे, तर पूर्णता पाउन सकेन । १८ वर्ष लगाएर ठूलो मिहेनतका साथ हामीले कानुन निर्माण गरेका छौं । दलहरूबीचको कार्यदलमा गहन छलफल गरेर टुंगोमा पुग्यौं । संक्रमणकालीन न्यायसँग सम्बन्धित आयोगको पदाधिकारी छनोट गर्ने सर्च कमिटीले आफ्नो ढंगले काम अघि बढायो । सरकारमा सहभागी दलको प्रस्ताव माओवादीले स्वीकार गरेको पनि हो । तर त्यो सर्च कमिटीले पदाधिकारी छनोट नै गर्न नसकी विघटन भयो । यसले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नेतर्फ गम्भीर क्षति पुऱ्याएको छ । शान्ति प्रक्रिया माओवादी पार्टीको मात्रै विषय होइन । यो राष्ट्रको इज्जत, प्रतिष्ठासँग जोडिएको विषय हो । द्वन्द्वपीडित महिला, घाइते तथा सहिद र बेपत्ता परिवारको अवस्था दर्दनाक छ । छिटोभन्दा छिटो शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउनुपर्छ भनेर माओवादीले पटक-पटक आवाज उठाइरहेको छ । तर यो अघि बढ्न सकिरहेको छैन । सदनमा हामी यसबारेमा पनि बहस गर्नेछौं र छिटो अघि बढाउन सरकारलाई दबाब पनि दिनेछौं ।

देशको विशेषताका आधारमा विकासको आफ्नो मोडालिटी तयार गर्नुभन्दा अरुको देखासिखीमा हामी लाग्यौं । राष्ट्रिय प्राकृतिक साधनस्रोतलाई महत्त्व दिएर बढीभन्दा बढी उपभोग गर्नुपर्नेमा हामी अन्यत्रै अल्झियौं । अर्थतन्त्रको बोक्रे कुरा गऱ्यौं । हामीले जमिन, जंगल, जनशक्ति, पानी र खानीको कुरा गरेनौं । यसको सदुपयोग गर्नतर्फ नलागेर युवालाई विदेश पठाउनेतिर बढी जोड दियौं । उत्पादनमुखी अर्थतन्त्रको विकास गर्न लागेनौं । स्वदेशमै रोजगारी सिर्जना गर्ने, आम्दानी वृद्धि गर्नेतर्फ ध्यान दिएनौं । आर्थिक समुन्नतिका लागि पहिलो अर्थतन्त्रको मोडल नै बदल्नुपर्छ । आत्मनिर्भरता पक्षमा नगई युवालाई विदेश पठाउने र विप्रेषणमा रमाउने प्रक्रिया जब सुरु भयो, त्यसले गडबड गरिरहेको छ । अहिले हामी उल्टो बाटोमा छौं, यसलाई नसुल्टाएसम्म अर्थतन्त्रको सुधारका कुरा बेकार छ । समग्र आर्थिक पुनःसंरचना र मोडल परिवर्तन गरेर आमजनताको तागतमा सबै साधनस्रोतको उपयोग नगरिकन अर्थतन्त्र माथि उठ्दैन ।

*(पूर्वअर्थमन्त्रीसमेत रहेका नेकपा माओवादी केन्द्रका उपमहासचिव शर्मासँग राष्ट्रिय समाचार समितिले गरेको कुराकानीमा आधारित)*



**खानेपानीको जोहो** | दाङको घोराही उपमहानगरपालिका–१८ स्थित घोरदौराका स्थानीय सार्वजनिक धाराबाट खानेपानी भर्दै । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# कुमारी सहकारी हिनामिना प्रकरणमा अनुसन्धान सुरु

**म्याग्दी–** म्याग्दीको बेनी नगरपालिका–८ मा रहेको कुमारी बहुउद्देश्यीय सहकारी संस्थामा भएको बचत अपचलनसम्बन्धी मुद्दामा प्रहरीले अनुसन्धान थालेको छ । सेयर सदस्य तथा बचतकर्ताको सेयर, बचत तथा संस्थाका कोषहरू हिनामिना गरेको सहकारी रजिस्ट्रार कार्यालय पोखराको सिफारिसका आधारमा पाँच जना सञ्चालक, व्यवस्थापक र कागजातहरू नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले थप प्रमाण जुटाउन थालेको छ ।




सहकारी रजिस्ट्रारको कार्यालय पोखराले गरेको छानबिन प्रतिवेदनमा छ हजार बचतकर्ता रहेको वि.सं. २०६५ मा खुलेको कुमारी सहकारीको एक अर्ब ४९ करोड रूपैयाँ अपचलन भएको उल्लेख छ । सहकारीको पैसाबाट ढुकुटी खेलाउने, बोर्डिङ स्कुल, घरजग्गामा लगाउनेजस्ता व्यक्तिगत स्वार्थमा प्रयोग भएको सहकारी रजिस्ट्रारको कार्यालयले जनाएको छ । अनुसन्धानका लागि प्रहरीले कुमारी सहकारीका पाँच जना सञ्चालक र व्यवस्थापकलाई माघ २० गते पक्राउ गरेको थियो । प्रहरी निरीक्षक सागर पौडेलले कुमारी सहकारीको विषयमा अनुसन्धानका लागि प्रमाण जुटाउन बचतकर्ताबाट उजुरी लिने काम भइरहेको बताए ।

माघ २१ गते प्रहरीले सार्वजनिक सूचना जारी गरेर पासबुक, भौचर, स्टेटमेन्ट, मुद्दति प्रमाणपत्रलगायत प्रमाणको सक्कल साथमा लिई सम्पर्कमा आउनका लागि अनुरोध गरेको थियो । सहकारीका पूर्वसञ्चालक समितिका उपाध्यक्ष रहेका जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापा, तत्कालीन व्यवस्थापक रुद्र गुरुङ, सञ्चालक समितिका पूर्वअध्यक्ष मनप्रसाद थजाली, थमबहादुर गर्बुजा र सञ्चालक देवीकुमारी थापा प्रहरीको हिरासतमा छन् ।

बेनी नगरपालिका–१ का ३६ वर्षीया थापा गत स्थानीय तह निर्वाचनमा नेकपा एमालेबाट जिसस प्रमुखमा निर्वाचित भएका थिए । अदालतले अनुसन्धानका लागि उनीहरूलाई दोस्रोपटक माघ २८ गतेसम्म हिरासतमा राख्न अनुमति दिएको छ । उनीहरूमाथि बचतकर्ताको बचत रकम हिनामिना भएको सहकारी ऐन–२०७४ अन्तर्गत परिभाषित कसूरमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### बचतकर्ता समस्यामा

अन्नपूर्ण गाउँपालिका–७ घराम्दीका ५० वर्षीय डिलबहादुर गर्बुजाले बेनीको कुमारी बहुउद्देश्यीय सहकारी संस्थामा १२ वर्षअघि मुद्दती खाता खोलेर राखेको ४३ लाख रूपैयाँ बचत फिर्ताका लागि धाउन थालेको दुई वर्ष पूरा भयो । '१२ वर्ष कतारमा श्रम र पसिना बगाएर कमाएको सबै पैसा राम्रो ब्याजको प्रलोभनमा परेर सहकारीमा राखेको थिएँ,' गर्बुजाले भने, 'सहकारीले बचत फिर्ता नगरेपछि हामीहरू विचल्लीमा परेका छौं ।'

१० लाख १४ हजार रूपैयाँ बचत गरेकी घराम्दीकी ५० वर्षीया डिलशोभा गर्बुजाले सहकारीमा रकम डुबेपछि घरव्यवहार चलाउन, छोराछोरी पढाउन समस्या भएको गुनासो गरिन् । 'श्रीमान्ले विदेशमा दुःख गरेर कमाएको र मैले कुखुरा चल्ला बेचेर जुटाएको पैसा राखेको वर्षौंसम्म पनि सहकारीले फिर्ता दिएको छैन,' उनले भनिन्, 'आफ्नै पैसाका कारण आफैंले दुःख पाउने अवस्था आयो ।'

डिलबहादुर, डिलशोभा, छबहादुर पाइजालगायत १३ जना पीडित शुक्रबार सहकारीमा फसेको रकम उठ्ने आशामा दुईवटा जिप रिजर्भ गरेर प्रहरीमा उजुरीका लागि बेनी आएका थिए । उनीहरूको एक करोड रूपैयाँभन्दा बढी रकम उक्त सहकारीमा फसेको छ ।

बेनी नगरपालिका–८ मा रहेको उक्त सहकारीबाट पीडित हुने बचतकर्ता घराम्दीका मात्र छैनन् । जिल्ला प्रहरी कार्यालय म्याग्दीमा पछिल्लो पाँच दिनयता उक्त सहकारीमा डुबेको बचत रकम फिर्ता दिलाइदिन आग्रह गर्दै उजुरी गर्न आउनेको भीड लागेको छ । *रासस*

# एउटै खुकुरीको एक लाख ११ हजार !

**रामपुर (पाल्पा)–** एउटै खुकुरीको मूल्य एक लाख ११ हजार रूपैयाँ भन्दा पत्यार नलाग्न पनि सक्छ । यो सुन्दा आश्चर्य लाग्छ । सन्तोष विश्वकर्माले ३० किलो तौल भएको एक लाख ११ हजार १११ रूपैयाँ मूल्य पर्ने खुकुरी तयार पारेका छन् ।



उनले तयार पारेको खुकुरी रामपुरमा जारी चौथो रामपुर महोत्सव तथा व्यापार मेलामा प्रदर्शनीमा राखिएको छ । खुकुरी यतिबेला मेलाको मुख्य आकर्षण बनिरहेको छ । नेपालीको शानको रूपमा लिइने खुकुरीको महत्त्व जोगाइराख्न र नयाँ पुस्तालाई जानकारी दिन ३० किलो तौल भएको खुकुरी तयार पारेको बताए ।

उनले तयार पारेको ३० किलो खुकुरी आठ फिट लम्बाइ छ भने दापसहित ४२ किलोको छ । तीन जना व्यक्तिको सहायता लिएर २० दिनमा खुकुरी तयार पारेको विश्वकर्मा बताउँछन् । खुकुरी निर्माणमा ज्याला खर्चबाहेक ३० हजार रूपैयाँबराबरको खर्च भएको उनले बताए । विश्वकर्माले प्रदर्शनीमा राखेको खुकुरीले दर्शकको मन जितिरहेको छ ।

मेला अवलोकन गर्न आउने दर्शकले रोचक मान्दै खुकुरी अवलोकन गर्ने, फोटो, भिडियो खिच्ने तथा टिकटक बनाएर सामाजिक सञ्जालमा राख्न थालेपछि धेरै चर्चा बटुलेको छ । विश्वकर्माले खुकुरीका अलवा कृषि तथा घरायसी प्रयोजनका लागि आवश्यक फलामका औजार पनि मेलाको अवसरमा बिक्रीका राखेका छन् ।

'नेपालीको शान खुकुरी हो, यसको महत्त्व नयाँ पुस्तालाई जानकारी दिन स्थानीयस्तरमा हुने मेला, महोत्सवमा प्रदर्शनीका लागि लैजाने गरेको छु, खुकुरीसँगै अन्य कृषि तथा घरायसी प्रयोजनका लागि आवश्यक पर्ने औजार प्रदर्शनीमा राख्दै आइरहेको छु,' उनले भने ।

स्याङ्जाको वालिङ नगरपालिका–८ स्थित विश्वकर्मा आरन उद्योगका सञ्चालक विश्वकर्माले घर सजावटका लागि खुकुरी खोजिने भएकाले आफूले तयार पार्ने गरेको बताए । यसभन्दा अगाडि १३ केजी तौल भएको ४५ हजार रूपैयाँ र २० केजी तौलको खुकुरी ५५ हजार रूपैयाँमा बिक्री गरिसकेको उनले जानकारी दिए । रामपुर उद्योग वाणिज्य संघको आयोजनामा गत माघ १५ गतेदेखि सुरु भएको चौथो रामपुर महोत्सव तथा व्यापार मेला २७ गतेसम्म चल्ने छ । मेलामा स्थानीय उत्पादनमा दर्शकको आकर्षण बढिरहेको छ । *रासस*

# युवालाई स्वरोजगार बनाउँदै शुक्लाफाँटा

**कञ्चनपुर (प्रस)–** शुक्लाफाँटा नगरपालिकाले १४० जना युवालाई स्वरोजगार बनाउने भएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्थानीय तहमार्फत सञ्चालित लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रमअन्तर्गत युवालाई व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गरी स्वरोजगार बनाउने कार्य नगरपालिकाले अगाडि बढाएको छ ।

युवायुवतीलाई निःशुल्क रूपमा तालिम दिनका लागि आवेदन संकलनको कार्य अगाडि बढाइएको कार्यक्रमका सहजकर्ता धनबहादुर चौधरीले बताए । 'आवेदन संकलनपश्चात् व्यवसाय सञ्चालन तथा लघु उद्यम सञ्चालन गर्न इच्छुकलाई पहिलो प्राथमिकतामा राखेर छनोट गर्छौं,' उनले भने, 'स्वदेशमै केही गरौं भन्ने भावनाका साथ स्वरोजगार हुन चाहने युवाका लागि तालिम सञ्चालन भइरहेको छ ।'

उनका अनुसार १५ दिने दुनाटपरी तालिम, १५ दिने चटाई बुनाई, सातदिने ग्यास चुलो तथा प्रेसर कुकर मर्मत, दुई महिने मोटरसाइकल मर्मत, दुई महिने फर्निचरसम्बन्धी तालिम सञ्चालन भइरहेका छन् । यसैगरी महिलालाई लक्षित गरी सातदिने फुट मसाज र एक महिने अटो ड्राइभिङ तालिम पनि सञ्चालन गरिने छन् । प्रत्येक तालिममा २० जनाका दरले सहभागी गराइने छ । १८ वर्षमाथिका युवालाई तालिममा समावेश गरिने उनले जानकारी दिए ।

दैनिक छ घण्टाका दरले तालिम दिने व्यवस्था गरिएको छ । 'व्यावसायिक तालिम नहुँदा युवाले अदक्ष कामदारका रूपमा काम गर्दा थोरै मात्रै ज्याला पाउने गरेका छन्,' नगरप्रमुख रणबहादुर महराले भने, 'तालिम लिएर दक्ष भएपछि युवाको ज्याला बढी पाउँछन्, आफ्नै व्यवसाय गरेर स्वरोजगार बन्छन् ।' विशेषगरी युवाले स्वदेशमै काम गरी आयआर्जन गरुन् भन्ने ध्येयले तालिम सञ्चालन गरिन लागेको जानकारी दिँदै उनले तालिम लिएका युवालाई आवश्यक औजारको व्यवस्थासँगै व्यवसाय सञ्चालन गर्नका लागि पुँजीको व्यवस्था गर्न वित्तीय संस्थाहरूसँग समन्वय गराउने कार्य पनि गरिने बताए ।

तालिम लिएर लघु उद्यम गर्नेहरूले उत्पादन गरेका वस्तुहरूको बजारीकरणमा नगरपालिकाले सहयोग गर्ने उनले उल्लेख गरे । युवालाई विदेश जानबाट रोकेर स्थानीयस्तरमै रोजगारीका अवसर सिर्जना गर्ने कार्यमा तालिमले सहयोग गर्ने अपेक्षा गरिएको नगरप्रमुख महराको भनाइ रहेको छ ।

# विपन्न परिवारका लागि निःशुल्क शववाहन र अन्त्येष्टि खर्च

**घोडाघोडी (कैलाली)–** कैलालीको बर्दगोरिया गाउँपालिकाले निःशुल्क महाप्रस्थान यान (शववाहन) सञ्चालनमा ल्याएको छ । मानिसको मृत्युपछि पार्थिव शरीर दाहसंस्कारका लागि लैजान सहज बनाउने उद्देश्यले निःशुल्क शववाहन सञ्चालनमा ल्याएको बर्दगोरियाका अध्यक्ष कर्णबहादुर कुँवरले जानकारी दिए ।

यान सञ्चालन भएसँगै शोक र पीडाका बीच शवलाई आर्यघाटसम्म लैजान सवारीसाधन खोज्नुपर्ने बाध्यताको अन्त्य हुने बताउँदै अध्यक्ष कुँवरले भने, 'विपन्न नागरिकका लागि यो शववाहनले सहयोग पुग्ने छ ।' शववाहन सञ्चालनसँगै सहयोगस्वरूप गाउँपालिकाले मृतकको काजकिरिया खर्चबापत १० हजार रूपैयाँ उपलब्ध गराउने भएको छ। अतिविपन्न परिवारलाई मृतकको अन्त्येष्टि गर्न आर्थिक अभावका कारण कठिनाइ हुने अवस्थामा केही राहत पुगोस् भन्ने उद्देश्यले रकम उपलब्ध गराउन थालेको कुँवरले बताए । 'परिवारको सदस्य गुमाएको पीडा एकातर्फ छँदै छ,' कुँवरले भने, 'त्यसमाथि आर्थिक अभावले झनै पीडा दिने अवस्थामा यो राहत कार्यक्रमले केही सहयोग पुग्ने छ ।'

राहत रकम हस्तान्तरणअन्तर्गत शुक्रबार गाउँपालिकाले दुई परिवारलाई १० हजार रूपैयाँका दरले रकम उपलब्ध गराएको छ । गाउँपालिकाको वडा नम्बर २ बौनियाका मृतकका छोरा कालु लुहार र वडा नम्बर १ कट्टीपुरका मृतक छदिने शिशुका बाबु सुवास नेपालीलाई रकम वितरण गरिएको हो ।

पहिलो दिन कालु लुहारलाई गाउँपालिकाका अध्यक्ष कर्णबहादुर कुँवर र सुवास नेपालीलाई वडा नम्बर १ का वडाध्यक्ष मिथुन गौतमले घरमै पुगेर रकम हस्तान्तरण गरेका थिए । देहावसान सहानुभूति कार्यक्रमअन्तर्गत चाँडै नै शव चिस्यान सेवा सुरु गर्ने अध्यक्ष कुँवरले जानकारी दिए ।

कुँवरका अनुसार यस क्षेत्रका अधिकांश मानिसहरू रोजगारीको सिलसिलामा भारतलगायत तेस्रो मुलुक जाने गर्छन् । घरमा रहेका परिवारका सदस्यको मृत्यु भएमा शव केही दिन राख्नुपर्ने अवस्था आउँछ । यस्तो अवस्थामा मृतकको छोराछोरी वा अन्य आफन्त नआइपुगुन्जेलसम्मका लागि शव सुरक्षित राख्न चिस्यान सेवाले सहयोग पुग्ने छ । *रासस*


## साउदीमा रोजगार

कम्पनी : Zawaya Services Company for Operation and Maintenance

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२५ | LT. No. 318392 | चलानी नं.६०२३२६१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 34 | 0 | 1000 | ३७,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३७,२६५ | | | | | | | |

कम्पनी : Najla Mutlaq Dhawi Al-Otaibi's workshop

पूर्व स्वीकृति मिति : २०८१/०७/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२५ | LT. No. 311988 | चलानी नं.६०२२६६७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Mechanic | 2 | 0 | 1500 | ५५,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ४ गते (16th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

## साइप्रसमा रोजगार

कम्पनी : D.I. MAIN-LINE JOB AGENCY

पूर्व स्वीकृति मिति : २०८१/०२/२७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/१०/२६ | LT. No. 306044 | चलानी नं. ६०२१४०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HOUSEKEEPING | 0 | 20 | 700 | १०,१७१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : D.I. MAIN-LINE JOB AGENCY

पूर्व स्वीकृति मिति : २०८१/०२/२७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/१०/२६ | LT. No. 306045 | चलानी नं. ६०२१४०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | kitchen helper | 15 | 5 | 750 | १०,८९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : D.I. MAIN-LINE JOB AGENCY

पूर्व स्वीकृति मिति : २०८१/०२/२७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/१०/२६ | LT. No. 306046 | चलानी नं. ६०२१४०१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 4 | 13 | 700 | १०,१७१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ४ गते (16th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | ८०,०००/– | रु.७००/– कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-3, Kathmandu, Nepal, Tel: 01-4971229, 01-5903079
Email: info@langtangoverseas.com, Web: www.langtangoverseas.com
Govt. License 1643/080/081



कनकाई नगरपालिका
## कनकाई नगर हस्पिटल
कनकाई नगरपालिका–३, झापा
कोशी प्रदेश नेपाल

## दरभाउपत्र आव्हानको सूचना !

पहिलो पटक प्रकाशित मिति : २०८१/१०/२७ गते

कनकाई नगरपालिका, झापामा सञ्चालित कनकाई नगर हस्पिटलको प्रयोगशाला तथा अन्य सेवामा २०८१/०८२ को लागि आवश्यक पर्ने **ल्याव केमिकल्स तथा अन्य सामाग्री**हरू खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त कम्पनी, फर्म तथा आधिकारिक बिक्रेताहरूबाट निम्न शर्तहरूको अधिनमा रही रितपूर्वक विद्युतीय दरभाउपत्र आव्हान गरिएको छ ।

| क्र.सं. | सम्झौता सङ्केत | विवरण | दरभाउ पत्र फारम शुल्क | दरभाउपत्र पेश गर्ने अन्तिम मिति तथा समय | धरौटी रकम | दरभाउपत्रको मान्य हुने अवधि | दरभाउपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | KANKAI/SQ/GOODS/5/2081-82 | Procurement of lab chemical and other related Items for Hospital supply | १००० | २०८१/११/१२ गते दिनको १२:०० बजेसम्म | ५०,०००/– | ४५ दिने | ७५ दिन |



### 'कमेडी दरबार' छोड्दै नम्रता

पूर्वमिस नेपाल नम्रता श्रेष्ठको पछिल्लो परिचय कार्यक्रम सञ्चालकको बनेको छ । कमेडी हो 'कमेडी दरबार' को उनी सुरू देखिनै सञ्चालन गर्दै आएकी छन् । अब भने उनले कमेडी दरबार छोड्ने भएकी छन् । उनले 'कमेडी दरबार'को अबको सिजनबाट आफु नदेखिने बताइन् । 'कमेडी दरबार' को लागि मसँग निर्माण संस्थाको पहिलो सिजनका लागि मात्र एग्रिमेन्ट भएको हो', श्रेष्ठले भनिन् 'पहिलो सिजन सकिन लाग्यो । दोस्रो सिजिनमा म देखिन्न ।' आफ्नो ब्यस्तता बढेको कारण कमेडी दरबार छोड्न लागेको उनले सुनाइन् ।



# 'पूर्णबहादुरको सारंगी'ले मनायो १०० दिन




■ प्रभाव संवाददाता

**काठमाडौं–** गएको कात्तिक १५ (लक्ष्मीपूजा) देखि प्रदर्शनमा आएको फिल्म 'पूर्णबहादुरको सारङ्गी'ले १०० दिन मनाएको छ ।

नायक विजय बराल स्टारर यस फिल्मले शुक्रबार प्रदर्शनको एक दिन मनाएको हो । यस फिल्म हाल शुक्रबार काठमाडौं र मोफसलका १० हलमा प्रदर्शनरत छ ।

१०० दिन मनाउने सफलता नेपाली फिल्मले विरलै पाउने गरेका छन् । यो वर्ष सबैभन्दा लामो समय हलमा टिकेको फिल्म पनि यही हो ।

यो सफलतामा साथ दिने दर्शकप्रति निर्माता विनोद पौडेलले सामाजिक सञ्जालमार्फत् कृतज्ञता व्यक्त गरेका छन् । साथै, यो सफलतापछि अब दर्शकले १०० रूपैयाँमै 'पूर्णबहादुरको सारङ्गी' फिल्म हेर्न पाउने पौडेलले जानकारी दिएका छन् ।

यो फिल्मले अहिलेसम्म सबैभन्दा बढी व्यापार गर्ने कीर्तिमानसमेत राखेको छ । निर्माण पक्षले १०० दिनको बक्स अफिस कलेक्सन भने सार्वजनिक गरेको छैन ।

माघको दोस्रो साता फिल्मको ५१ दिनको सफलता मनाउने आयोजित कार्यक्रममा निर्माण पक्षले सुरुवाती ८५ दिनमा घरेलु बजारमा मात्रै ४८ करोड रूपैयाँभन्दा बढीको व्यापार भएको जानकारी दिएको थियो । उक्त कार्यक्रममा यस फिल्मको सिक्वेल 'पूर्णबहादुरको सारङ्गी-२' निर्माण घोषणा पनि गरिएको थियो ।

सरोज पौडेल निर्देशित 'पूर्णबहादुरको सारङ्गी'मा विजयसहित नायिका अञ्जना बराइली, नायक मुकुन भुसाल, गायक तथा कलाकार प्रकाश सपुत र कलाकार भोलाराज सापकोटा मुख्य भूमिकामा छन् ।

यसअघि वि.सं २०८० मा प्रदर्शनमा आएका फिल्म 'जारी' र 'दिमाख खराब'ले १०० दिन मनाएका थिए । ०७४ मा प्रदर्शनमा आएको फिल्म 'शत्रु गते' र ०७३ सालमा प्रदर्शनमा आएको 'छक्का पञ्जा' पनि १०० मनाएका थिए ।

## 'जनै हराएको बाहुन'मा गौरव र रियर

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** छायांकन तयारीमा रहेको फिल्म 'जनै हराएको बाहुन'मा अभिनेताद्वय गौरव पहारी र रियर राईको प्रवेश भएको छ । हिमाल न्यौपानेले निर्देशन गर्ने फिल्ममा यसअघि विजय बराल अनुबन्धित भैसकेका छन् । पेपरक्लिप प्रालिले बनाउन लागेको फिल्ममा एसोसियट निर्देशन मनिष राउतले गर्दैछन् । 'प्रेमगीत ३'मा फिचर फिल्ममा डेब्यु गरेका राउत अभिनेताको रूपमा समेत



चर्चित छन् । भानुभक्त ढकालको पटकथा र संवाद रहको फिल्मले गाउँबाट सहर आएका एक सरल व्यक्तिले भोग्नुपरेका अनपेक्षित परिस्थिति र त्यसले उनको जीवनमा ल्याएको परिवर्तनको कथा पेश गर्नेछ ।

निर्मातामा सीआर बस्नेत, कमल न्यौपाने, आरके मानन्धर, विमल न्यौपाने, फिलिप डिसी र निशान्त श्रेष्ठ छन् । छायांकनरमा नवीन गुरुङ, क्रिएटिभ निर्देशकमा सम्राट महर्जन ज्याक छन् ।

भीएफएक्स सुपरभाइजर मयङ्क निरौला छन् । निर्मातामध्येका न्यौपानेका अनुसार फिल्मले दर्शकलाई एक अनौठो र रोमाञ्चक यात्रामा लैजानेछ । २०८१ सालको अन्त्यसम्ममा छायांकन सुरु गर्ने लक्ष्य राखिएको फिल्मलाई आँउँदो वर्ष प्रदर्शन तयारी छ ।

# द ब्रेभ गोरखा बन्यो 'वर्ल्ड अफ डान्स नेपाल' विजेता




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'वर्ल्ड अफ डान्स नेपाल'को भव्य फिनाले समारोह सम्पन्न भएको छ । विश्वप्रसिद्ध अमेरिकी फ्रेन्चाइजको नेपाली संस्करणमा उपाधिका लागि ३३ समूहले प्रतिस्पर्धा गरेका थिए ।

'अपर टिम'तर्फ बुटवलको द ब्रेभ गोरखा विजेता बन्यो । यो विधामा काठमाण्डूको ग्रुभ ओभरडोज फस्ट रनरअप र ललितपुरको वाई स्ट्यांड क्रू सेकेन्ड रनरअप घोषित भए

'जूनियर टिम'तर्फ काठमाण्डौंको नेपा डान्स एकाडेमी पहिलो, मोरङको ह्यान्ड टु ह्यान्ड क्रू दोस्रो र ललितपुरको क्रिएटर क्रू तेस्रो बने ।

अपर डिभिजनतर्फ कैलालीको बब्लू एण्ड रोहित पहिलो, काठमाडौंका स्वस्तिक अर्याल दोस्रो र झापाको एसएनएस क्विन्स तेस्रो भए । विजेताले जुलाईमा अमेरिकामा आयोजना हुने विश्व प्रतिस्पर्धामा मुलुकको प्रतिनिधित्व गर्नेछन् ।

स्वदेशी नृत्यकारलाई विश्वसामु परिचित गराउने र नेपाली कलासंस्कृति उजागर गर्नको निम्ति कार्यक्रम आयोजना गरिएको शोका राष्ट्रिय निर्देशक रोशन गहतराजले बताए ।

कन्टेम्पोररी नृत्यकार जेडी तमु, एभरेस्ट क्रूका निशान्त गौचन र पपर मुकेश ढकाल जुरीको रूपमा थिए । सुस्ताएको नेपाली नृत्य क्षेत्रलाई चलायमान बनाउन प्रतियोगिता नयाँ सुरुवात भएको शोका कला निर्देशक समेत रहेका तमुले बताए ।

समारोहमा काठमाडौं महानगरकी उपप्रमुख सुनिता डंगोल प्रमुख अतिथिको रूपमा थिइन् । उनले विजेतालाई पुरस्कार प्रदान गरिन् ।

मण्डला इन्टरटेनमेन्टको आयोजनामा भएको कार्यक्रममा भारतको चर्चित डान्स रियालिटी शो 'डान्स इण्डिया डान्स', लिटलमास्टर, झलक दिखलाजाका विजेता तेरिया मगर, भ्वाइस अफ नेपालका होस्ट सुशील नेपाल लगायत उपस्थित थिए ।



### इन्टरनेसनल वुमेन्स च्याम्पियनसिप

# फर्किंदै साम्बा, अञ्जिला र रेखा



■ प्रभाव संवाददाता

**काठमाडौं–** गत कार्तिकमा घरेलु मैदानमा आयोजित साफ महिला च्याम्पियनसिपको फाइनलमा बंगलादेशविरुद्ध २-१ ले पराजित भएको नेपाली टोली साढे तीन महिनापछि अन्तर्राष्ट्रिय फुटबलमा फर्किंदैछ ।

नेपालले यहीँ मैदानमा किर्गिस्तान, लेवनान र म्यानमार सहभागी इन्टरनेसनल वुमेन्स च्याम्पियनसिप खेल्दै पुनरागमन गर्न लागेको हो । यही प्रतियोगिताका लागि मुख्यप्रशिक्षक राजेन्द्र तामाङले ३९ खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएका थिए । तर, तीमध्ये कप्तान तथा गोलरक्षक अञ्जिला तुम्बाप्पो सुब्बा तथा स्ट्राइकरद्वय सावित्री भण्डारी 'सम्बा' र रेखा पौडेल भने अनुपस्थित छन् । अञ्जिला व्यावसायिक फुटबल खेल्न ग्रीस पुगेकी छन् ।

सावित्रा फ्रान्स र रेखा संयुक्त अरब इमिरेट्स (युएई) मा रहेको कारण बन्द प्रशिक्षणमा सहभागी नरहेको मुख्यप्रशिक्षक तामाङले जानकारी दिए । यद्यपि, यी तीन मुख्य खेलाडी प्रतियोगिता खेल्न स्वदेश फर्किने छन् । अमिशा कार्कीले प्रशिक्षण छुटाएकी छन् । अन्य तीन खेलाडी भने विदेशी लिग खेलिरहेका छन् । यद्यपि, उनीहरू प्रतियोगिता खेल्न स्वदेश फर्किने तयारीमा छन्,' उनले भने । उनका अनुसार अञ्जिला र रेखा माघ २९ गते टोलीमा फर्किने छन् ।

सावित्रा भने फागुन दुई गतेदेखि मात्रै जोडिने छन् । 'अञ्जिला र रेखाले पहिलो खेल खेल्न सक्नेछन् । तर, सावित्रालाई भने गाह्रै पर्ला । साम्बाको अवस्थाअनुसार पहिलो खेलमा मैदान उतार्ने निर्णय हुनेछ,' उनले भने ।

नेपालले फागुन ४ गते किर्गिस्तानसँग खेल्ने छ । यो खेल साँझ ५:३० बजे हुनेछ । सोही दिन पहिलो खेलमा म्यानमार र लेबनान भिड्ने छन् । त्यसको तीन दिनपछि नेपालले लेबनानलाई चुनौती पेस गर्नेछ । र, अन्तिम खेल फागुन ११ गते म्यानमारसँग खेल्दै लिग चरण सक्काउने छ । अञ्जिलाको कप्तानीमा नेपाललाई साफको फाइनलसम्म पुऱ्याउन रेखाले सात गोल गरेकी थिइन् । सावित्राले भने दुई गोल गरिन् ।

## प्रधानमन्त्री कपः ग्रेट हिमालय फाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** इशान पाण्डेको अलराउन्ड प्रर्दशनसँगै ग्रेट हिमालय क्रिकेट एकेडेमी प्रधानमन्त्री कप पुरुष क्रिकेट काठमाडौं जिल्ला छनोटको फाइनलमा पुगेको छ ।

शनिबार सम्पन्न दोस्रो तथा अन्तिम सेमिफाइनलमा ग्रेट हिमालयले न्यु भिजन क्लबलाई ३७ रनले पराजित गरेको हो । ग्रेट हिमालयले उपाधिका लागि क्रिकेट एक्सिलेन्स सेन्टरलाई चुनौती पेस गर्नेछ । क्रिकेट एक्सिलेन्सले महावीर क्लबलाई चार रनले पराजित गर्दै फाइनलमा स्थान बनाइसकेको छ ।

ग्रेट हिमालयले प्रस्तुत गरेको १४९ रनको लक्ष्य पछ्याएको न्यु भिजन १११ रनमै समेटियो । न्यु भिजनका जभ्याङ लामाले सर्वाधिक ४६ रन बनाए । मोन्सन सिंहले ३१ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

ग्रेट हिमालयका किरणबहादुर मगरले पाँच र इशान पाण्डेले दुई विकेट लिए ।

त्यसअघि माथिल्लो मूलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ थालेको ग्रेट हिमालयले ३६ ओभरमा सबै विकेट गुमाउँदै १४८ रनको योगफल तयार पारेको थियो ।

ग्रेट हिमालयनका इशान पाण्डेले सर्वाधिक ६६ रन बनाए । कृतिन अधिकारी १९ र विराज अधिकारी १५ रनमा आउट भए । न्यु भिजनका मोन्सन सिंहले सर्वाधिक पाँच विकेट लिए ।

# ट्राइयाथलनको सातौं वार्षिक साधारणसभा सम्पन्न




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ट्राईयाथलन संघले आफ्नो विधान सम्मत सातौं बार्षिक साधारण सभा शनिबार सम्पन्न गरेको छ ।


संघका अध्यक्ष निलेन्द्र श्रेष्ठको अध्यक्षतामा भएको साधारण सभामा अध्यक्ष श्रेष्ठले संघको निर्वाचन पश्चात संघले गरेका कृयाकलाप र समस्याहरूका बारेका साधारण सभामा आफ्ना धारणा राख्नुका साथै संघका गतिविधीलाई सहजतापूर्वक सम्पन्न गर्न के कस्ता कार्य गर्नु पर्ने हो ? त्यसका बारेमा सभामा उपस्थित सदस्यहरूसँग समाधानका उपायहरूका बारेमा छलफल गरेका थिए । अध्यक्ष श्रेष्ठले आगामी बैशाख १३ र १४ गते (अप्रिल २६ र २७) पोखरामा आयोजना हुने एशिया ट्राइयाथलन कपलाई सफलता प्रदान गर्न केन्द्रिय कार्य समितिलाई एकजुट भएर लाग्न निर्देशन दिएका थिए ।

यसैगरि चैत्रमा आयोजना हुने १० औं बृहत राष्ट्रिय खेलकुदको तयारी र तदर्थ समितिमा सिमित प्रदेश संघको गठनलाई तिव्रता प्रदान गर्न निर्देशन दिएका थिए ।

संघका संस्थापक अध्यक्ष तथा मानार्थ अध्यक्ष गणेशमान पुनले संघको आगामी दिनमा आयोजना हुने कार्यक्रमको सफलताका साथै आफ्नो तर्फबाट हुन सक्ने सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । संघका उपाध्यक्ष पूर्व प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले संघलाई मजबुत बनाउने कार्यमा आफ्नो तर्फबाट सक्दो सहयोग हुने प्रतिवद्धता व्यक्त गरे ।

साधारण सभामा महासचिव युवराज सुनुवारले संघको २०८०/८१ र २०८१/८२ को कृयाकलापलाई समेटेको महासचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए । कोषाध्यक्ष निरज श्रेष्ठले संघको आर्थिक बर्ष २०८०/८१ को आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

यस्तै साधारण सभामा उपस्थित कार्य समितिका सदस्यहरूले संघले आगामी दिनमा आयोजना गर्ने कार्यक्रमलाई सफल पार्न र संघलाई मजबुत पार्न आईपर्ने समस्याहरूलाई समाधान गर्न आआफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताए ।



दक्षिणपूर्वी चीनको फुजियान प्रान्तस्थित झाङझाउ सहरमा आयोजित रोजगार मेलामा भाग लिँदै रोजगारीको खोजीमा रहेकाहरू । चीनमा बिदापछि देशभर विभिन्न प्रकारका रोजगार मेलाहरू आयोजना गरिन्छ । *तस्बिरः सिन्ह्वा*

### चीनको सिचुवानमा पहिरो

# ३० जना बेपत्ता, करिब २०० जना विस्थापित

**छेन्दु–** चीनको सिचुआन प्रान्तमा शनिबार गएको पहिरोमा १० घर पुरिँदा ३० जनाभन्दा बढी बेपत्ता भएका छन् । पहिरोस्थलबाट करिब २०० जनालाई सुरक्षित स्थानमा सारिएको छ ।

यिबिन सहरको जुनलियन काउन्टीमा रहेको जिनपिङ गाउँमा बिहान ११:५० बजे पहिरो गएको स्थानीय अधिकारीहरूले बताएका छन् । चिनियाँ समाचार संस्था सिसिटिभीले स्थानीय अधिकारीलाई उद्धृत गरी लेखेको समाचारमा भनिएको छ, 'पहिरोले करिब १० वटा घर पुरेको छ भने ३० जनाभन्दा बढी हराइरहेका छन् । पहिरोको जोखिम रहेको पहिरो वरपरको क्षेत्रबाट करिब २०० जनालाई सुरक्षित स्थानमा सारिएको छ ।'

घटनास्थलमा रहेका उद्धारकर्तालाई उद्धृत गर्दै सरकारी प्रसारकले भनेको छ, 'समाचार तयार पार्दासम्म पहिरो अझै नरोकिएकोले पहिरो क्षेत्रमा नजान स्थानीय सर्वसाधारणलाई निर्देशन दिइएको छ ।' चीनका राष्ट्रपति सी चिनफिङले अधिकारीहरूलाई 'हराइरहेका व्यक्तिहरूको खोजी र उद्धार गर्न, हताहतहरू कम गर्न र त्यसपछिको स्थितिलाई उचित तरिकाले व्यवस्थापन गर्न' निर्देशन दिएका छन् ।

राष्ट्रिय आपत्कालीन व्यवस्थापन मन्त्रालयले एक अनलाइन पोस्टमा दुई जना पहिरोबाट सकुशल उद्धार गरिएको उल्लेख गरेको छ । आपत्कालीन प्रतिक्रिया टोलीहरू जीवित व्यक्तिहरूको खोजीमा घटनास्थलमा पुगी काम गरिरहेको बताइएको छ । अधिकारीहरूले उद्धार र राहत प्रयासलाई सहयोग गर्न तीन करोड युआन (४१ लाख अमेरिकी डलर) पनि विनियोजन गरिएको बताएका छन् । *रासस/एएफपी*

# दिल्ली निर्वाचनमा विकास र सुशासनको जित : *मोदी*

**नयाँदिल्ली–** भारतको राजधानी प्रान्त दिल्लीमा बुधबार विधानसभा निर्वाचन सुरु भएको छ । निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) उनको प्रमुख प्रतिद्वन्द्वीलाई हटाउन प्रयासरत छ ।

तीन करोडभन्दा बढी जनसंख्या भएको विशाल महानगर दिल्लीमा विगत एक दशकको अधिकांश समय 'करिस्मेटिक' अरविन्द केजरीवाल र उनको आम आदमी पार्टी (आप) को शासन रहेको छ ।

निर्वाचन आयोगको प्रारम्भिक प्रवृत्तिका अनुसार भारतीय जनता पार्टीले दिल्ली विधानसभा चुनावको नतिजामा बहुमतको सिट पार गरेको छ । भाजपा अहिले ३८ सिटमा अगाडि छ भने आप २७ सिटमा अगाडि छ । राष्ट्रिय राजधानीमा सरकार गठनका लागि बहुमतको सिट ३६ रहेको छ । भारतीय प्रधानमन्त्री मोदीले दिल्ली प्रान्तमा विकासको जित सुरु भएको बताए ।

'यो जित विकासको हो, सुशासनको जित हो,' उनले भने । यो समाचार तयार पार्दासम्म मतगणना चलिरहेको छ, तर दिल्लीका पूर्वमुख्यमन्त्री तथा आप प्रमुख अरविन्द केजरीवाल बिजेपी उम्मेदवार प्रवेश बर्मासँग पराजित भए । 'हामी फैसला स्वीकार गर्छौं र भाजपालाई बधाई दिन्छौं,' केजरीवालले एक भिडियो वक्तव्यमा बताए । 'हामी दिल्लीको समग्र विकास सुनिश्चित गर्न र त्यहाँका बासिन्दाहरूको जीवन राम्रो बनाउन कुनै कसर छोड्नेछौं,' मोदीले सामाजिक सञ्जाल पोस्टमा उल्लेख गरे । *रासस/एएफपी*

# युएसएड विघटन गर्ने ट्रम्पको कदम गैरकानुनी भएको आरोप

**वासिङ्टन–** ट्रम्प प्रशासनले बिहीबार संयुक्त राज्य अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी, युएसएड) को विघटन गर्ने क्रममा हजारौं कर्मचारीमध्ये ३०० भन्दा कम कर्मचारीमात्र राख्नेगरी विश्वभरका अमेरिकी सहायता परियोजनाहरूका लागि कर्मचारी संख्या उल्लेखनीयरूपमा घटाउने योजना प्रस्तुत गरेको छ ।




बिहीबार साँझ संघीय श्रमिक संघहरूले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई कंग्रेसको कानूमा निहीत एजेन्सी बन्द गर्ने अधिकार नभएको तर्क गर्दै संघीय अदालतमा विघटन कार्य रोक्न माग गर्दै मुद्दा दायर गरेका छन् । युएसएडका दुई वर्तमान कर्मचारी र एक पूर्ववरिष्ठ युएसएड अधिकारीले बिहीबार एजेन्सीका बाँकी वरिष्ठ अधिकारीहरूलाई प्रस्तुत गरिएको प्रशासनको योजनाबारे एसोसिएटेड प्रेसलाई जानकारी दिए । युएसएडका कर्मचारीहरूलाई उनीहरूको एजेन्सीबाहिरका कसैसँग कुरा गर्न प्रतिबन्ध लगाउने ट्रम्प प्रशासनको आदेशका कारण उनीहरूले नाम न छाप्ने सर्तमा बोलेका थिए ।

योजना अनुसार हाल आठ हजार प्रत्यक्ष नियुक्ति र ठेकेदारहरूमध्ये ३०० भन्दा कम कर्मचारीलाई काममा राखिने छ । उनीहरूले विदेशमा स्थानीयरूपमा नियुक्त गरिएका पाँच हजार अन्तर्राष्ट्रिय कर्मचारीको अज्ञात संख्यासँग मिलेर प्रशासनले हाललाई जारी राख्ने भनेका केही जीवन रक्षक कार्यक्रमहरू सञ्चालन गर्ने छन् । तीन सय कर्मचारीमा कटौती स्थायी वा अस्थायी हुने तत्काल स्पष्ट भएको छैन । यसले ट्रम्प प्रशासनले पुनः सुरु गर्न चाहेका सहायता र विकास कार्यक्रमहरूको समीक्षापछि थप कर्मचारीलाई फर्काउन सक्ने सम्भावना छ ।

प्रशासनले यस हप्ताको सुरुमा विदेशमा तैनाथ लगभग सबै युएसएड कर्मचारीलाई शुक्रबारदेखि ३० दिनभित्र अमेरिका फर्कन निर्देशन दिएको छ । सरकारले उनीहरूको यात्रा र सरुवा खर्च बेहोर्ने छ । विशेष कठिनाइ छुट नपाएका कर्मचारीहरूले लामो समय बस्न रोजेमा आफ्नै खर्च बेहोर्नुपर्ने हुनसक्ने कुरा बिहीबार साँझ युएसएडको वेबसाइटमा प्रकाशित सूचनामा उल्लेख छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले बिहीबार डोमिनिकन गणतन्त्रको भ्रमणका क्रममा अमेरिकी सरकारले विदेशी सहायता प्रदान गर्न जारी राख्ने बताए । 'तर यो विदेशी सहायता हाम्रो राष्ट्रिय हितसँग मेल खाने र अर्थपूर्ण हुने छ,' उनले पत्रकारहरूलाई भने । ट्रम्प प्रशासन र बजेट कटौती गर्ने सरकारी दक्षता विभाग सञ्चालन गरिरहेका अर्बपति सहयोगी एलन मस्कले संघीय सरकार र यसका धेरै कार्यक्रमको अभूतपूर्व चुनौतीमा अहिलेसम्म युएसएडलाई सबैभन्दा बढी लक्षित गरेका छन् ।

ट्रम्पको जनवरी २० को शपथग्रहणयता व्यापक वित्तीय रोकले विश्वभरका एजेन्सीका अधिकांश कार्यक्रमहरू बन्द गरेको छ र लगभग सबै कर्मचारीलाई प्रशासनिक बिदा वा अवकाशमा राखिएको छ । मस्क र ट्रम्पले युएसएडलाई स्वतन्त्र एजेन्सीका रूपमा हटाउने र जीवित कार्यक्रमहरूलाई विदेश विभागअन्तर्गत सार्ने कुरा गरेका गरेका छन् ।

डेमोक्रेटिक सांसदहरू र अन्यले कांग्रेसको स्वीकृतिविना यो कदम गैरकानुनी भएको बताएका छन् । अमेरिकन फरेन सर्भिस एसोसिएसन र अमेरिकन फेडेरेसन अफ गभर्नमेन्ट एम्प्लाइजले आफ्नो मुद्दामा यही तर्क दिएका थिए । मुद्दामा वासिङ्टनको संघीय अदालतलाई युएसएडका भवनहरू पुनः खोल्न, कर्मचारीहरूलाई काममा फर्काउन र वित्तीय सहायता पुनर्स्थापना गर्न बाध्य पार्न माग गरिएको छ । सरकारी अधिकारीहरूले 'अमेरिकी कामदारहरू, विश्वभरका लाखौं मानिसहरूको जीवन र अमेरिकी राष्ट्रिय हितसँग सम्बन्धित उनीहरूका कार्यहरूको विनाशकारी परिणामलाई स्वीकार गर्न असफल भए,' मुद्दामा भनिएको छ । *रासस/एपी*

## विश्व खाद्य मूल्यमा गिरावट : एफएओ

**रोम–** मुख्यतया चिनी, तेल र मासुको मूल्यमा आएको कमीका कारण जनवरीमा विश्वव्यापी खाद्यान्नको मूल्य घटेको संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (एफएओ) ले जनाएको छ ।

नयाँ वर्षको पहिलो मासिक प्रतिवेदनमा एफएओले आफ्नो व्यापक खाद्य मूल्य सूचकांक जनवरीमा एक महिना अघिको तुलनामा १.६ प्रतिशतले घटेको जनाएको छ । जनवरीमा पाँचमध्ये तीन उपसूचकांकमा गिरावट आएको तथ्यांकले देखाएको छ । यसैबीच, ब्राजिल र भारतलगायत प्रमुख चिनी उत्पादक देशहरूमा राम्रो फसलका कारण चिनीको मूल्य अक्टोबर सन् २०२२ यताकै न्यून स्तरमा ६.८ प्रतिशतले झरेको छ ।

तरकारी तेलको मूल्य ५.६ प्रतिशतले घटेको एफएओले जनाएको छ । मागमा आएको गिरावटले पाम तेलको मूल्य पनि तल झरेको छ । यद्यपि, दुग्धजन्य पदार्थको मूल्यमा उल्लेख्य वृद्धि भएको छ । *रासस/सिन्ह्वा*

# चीनले सन् २०२५ 'ग्लोबल डेभलपर सम्मेलन' आयोजना गर्ने

**सांघाई–** चीनमा सन् २०२५ को 'ग्लोबल डेभलपर सम्मेलन' फेब्रुअरी २१ देखि २३ सम्म आयोजना हुने भएको छ । सम्मेलनमा विश्वभरका १०० विकासकर्ता समुदायलाई एकै ठाउँमा ल्याउने अपेक्षा गरिएको सांघाई एआई उद्योग संघ (एसएआइए) ले जनाएको छ ।

उक्त सम्मेलन एआई मोडल, कम्प्युटिङ पावर र सफ्टवेयर प्लेटफर्महरूसहित अत्याधुनिक प्रविधिहरूमा केन्द्रित हुने छ । सम्मेलनमा सहभागी विकासकर्ता समुदायले हार्डवेयर विकास, क्लाउड कम्प्युटिङ, बिग डेटा, इन्टरनेट अफ थिंग्स, आर्टिफिसियल इन्टेलिजेन्स (एआई), रोबोटिक्स, ब्लकचेन र मेटाभर्सजस्ता विविध क्षेत्रहरूको प्रतिनिधित्व गर्ने छन् ।

हगिङ फेस, माइक्रोसफ्ट डेभलपर कम्युनिटी, अलिबाबाको मोडलस्कोप कम्युनिटी र हुवावेई कम्युनिटीजस्ता विश्वका अग्रणी समुदायहरूले कार्यक्रमभर विभिन्न आकर्षक गतिविधिहरू आयोजना गर्ने छन् । एसएआइएका अनुसार डिपसिक टोलीले पनि सम्मेलनमा भाग लिने छ । सम्मेलनले विकासकर्ताहरूलाई उद्योग विशेषज्ञसँग जोडिने र विचारहरू आदानप्रदान गर्ने मौका दिने छ । एसएआइए महासचिव झोङ जुनहाउका अनुसार द्रुत प्राविधिक विकासको गतिलाई कायम राख्न सम्मेलन यस वर्षबाट सुरु हुने वार्षिकबाट द्विवार्षिक कार्यक्रममा परिवर्तन हुने छ । अर्को सत्र शरद ऋतुका लागि तय गरिएको छ । *रासस/सिन्ह्वा*

## अलास्कामा बेपत्ता विमानको भग्नावशेष भेटियो

**सान फ्रान्सिस्को–** अमेरिकी कोस्ट गार्डले शुक्रबार दिउँसो अलास्काको पश्चिमी तटबाट हराइरहेको १० जना सवार विमानको विवरणसँग मिल्दोजुल्दो एउटा दुर्घटनाग्रस्त विमान फेला पारेको बताएको छ ।

उक्त विमान पश्चिमी अलास्काको नोम सहरबाट करिब ५४ किलोमिटर दक्षिणपूर्वमा फेला परेको थियो । जहाजमा रहेका सबै १० जनाको मृत्यु भएको पुष्टि भएको अमेरिकी कोस्ट गार्डले जनाएको छ ।

खराब मौसम र कम भिजिबिलिटीका बीच एक घण्टा लामो खोज अभियानपछि भग्नावशेष फेला परेको थियो । बेरिङ एयरद्वारा सञ्चालित टर्बोप्रप सेस्ना कारभान बिहीबार दिउँसो बेपत्ता भएको अलास्काको सार्वजनिक सुरक्षा विभागले जनाएको छ ।

शुक्रबार स्थानीय समयअनुसार बिहान ९ बजे नोम स्वयंसेवी फायर डिपार्टमेन्टले जहाजमा रहेका सबैका परिवारलाई सूचित गरिएको बताएको छ । *रासस/सिन्ह्वा*

## झण्डै १८ हजार अफगान शरणार्थी स्वदेश फर्किए

**काबुल–** गत महिना छिमेकी पाकिस्तानबाट १८ हजारभन्दा बढी अफगान शरणार्थीहरू स्वदेश फर्किएका छन् । यस वर्षको जनवरीमा कूल १८ हजार ३०० अफगान शरणार्थी स्वदेश फर्किएका छन् । ती अवैध आप्रवासीहरूमध्ये करिब एक हजार इस्लामावादबाट घर फर्काइएका रिपोर्टमा भनिएको छ ।

सन् २०२३ सेप्टेम्बर १५ देखि आठ लाख २५ हजार ६०० भन्दा बढी अफगानीहरू पाकिस्तान सरकारको गैरकानुनी विदेशी स्वदेश फिर्ता योजनाको कार्यान्वयनपछि फर्केका छन् ।

अफगानिस्तानको कामचलाउ सरकारले विदेशमा रहेका अफगानी आप्रवासीहरूलाई स्वदेश फर्कन र युद्धग्रस्त देशको पुनर्निर्माणमा योगदान दिन आग्रह गरिरहेको छ । *रासस/सिन्ह्वा*

# हमासले छाडेका थप तीन इजरायली बन्धक स्वदेश फिर्ता, बदलामा १८३ प्यालेस्टिनी कैदी रिहा

**जेरुसेलम/गाजा–** सन् २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासको नेतृत्वमा भएको आक्रमणमा अपहरण गरिएका थप तीन इजरायली बन्धकलाई शनिबार रिहा गरिएको छ । बदलामा इजरायलले विभिन्न समयमा पक्राउ गरी इजरायली जेलमा राख्दै आएका १८३ कैदीलाई रिहा गरेको छ ।

शनिबार रिहा भएका तीन इजरायली बन्धकहरू ५६ वर्षीय ओहाद बेन अमी, ५२ वर्षीय एली शाराबी र ३४ वर्षीय या लेवीलाई शनिबार नै उनीहरूको परिवार र आफन्तको जिम्मा लगाइएको छ ।

हमासले रिहा गरिएका बन्धकलाई गाजाको देइर अल-बलाह सहरको तोकिएको हस्तान्तरणस्थलबाट अन्तर र्राष्ट्रिय रेडक्रस समिति (आइसिआरसी)को जिम्मा लगाएको हो ।



कमजोर र थकित देखिएका तीनै जना बन्धकहरूलाई मञ्चबाट आफ्ना अनुभव र रिहाइबारे बोल्नका लागि हमासले निर्देशन दिएपछि उनीहरूले संक्षिप्त भनाइ राखेका थिए । त्यसपछि हमासको सैन्य शाखा अल-कासम ब्रिगेडले आइसिआरसीलाई सुम्पेको थियो । हमासले बन्धक बनाएका तीन जना इजरायली बन्धकलाई मध्य गाजाबाट आइसिआरसीको टोलीले इजरायली सीमामा तैनाथ इजरायली रक्षा बल (आइडिएफ)समक्ष स्थानान्तरण गरिएको थियो ।

इजिप्ट र कतारको मध्यस्थता र संयुक्त राज्य अमेरिकाको समन्वयमा हमास र इजरायलबीच युद्धविराम सम्झौताको पहिलो चरणअन्तर्गत बन्धक-कैदी अदलाबदलीको यो पाँचौं समूह हो । यसैबीच, इजरायलले शनिबारदेखि नै इजरायली जेलबाट थप १८३ जना प्यालेस्टिनी कैदीलाई रिहा गरेको छ । गाजा युद्धविराम सम्झौताअन्तर्गत इजरायलले ती प्यालेस्टिनी कैदीलाई रिहा गरेको हो ।

प्यालेस्टाइनी प्रिजनर्स क्लबका प्रमुख अब्दुल्लाह अल-जाघारीका अनुसार रिहा गरिएका कैदीहरूलाई रेडक्रसको अन्तर्राष्ट्रिय समितिको बसबाट रामल्लाह ल्याइएको छ । टिभी फुटेजमा रिहा भएका प्यालेस्टिनीहरूलाई सहरको एक चोकमा ठूलो भीडले स्वागत गरेको देखाइएको छ । *रासस/सिन्ह्वा*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६८१०० | प्रति तोला - ० | प्रति तोला - १९८५ |



**आन्तरिक पर्यटन** | दोलखा जिल्लाको शैलुङ गाउँपालिका-८ स्थित पर्यटकीय स्थल शैलुङडाँडा शनिबार घुम्न आएका आन्तरिक पर्यटक।
*तस्बिरः हरिराम भेटुवाल/रासस*

# 'जलविद्युत्‌को सेयरमार्फत विपन्नको जीवनस्तर उकास्नुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जलविद्युत्‌को सेयरमार्फत गरिब तथा विपन्न नागरिकको जीवनस्तर उकास्न आवश्यक पर्ने सेयर लगानीका विषयमा सरोकारवाला निकायसँग छलफल गरेका छन्।

उनले जनताको जलविद्युत् कार्यक्रमको दोस्रो संशोधनमार्फत विना धितो गरिब तथा विपन्न वर्गलाई रु दुई लाखदेखि पाँच लाखसम्म सेयर दिनेबारे शुक्रबार अर्थ मन्त्रालय, बैंकिङ क्षेत्र र ऊर्जा उत्पादकसँग छलफल गरेका हुन्।

छलफलमा ऊर्जामन्त्री खड्काले दिनभर काम गरेर विहान बेलुका छाक टार्न समस्या भएका नागरिकलाई लक्षित गरी सरकारले विना धितो सहुलियतपूर्ण व्याजदरमा सेयर पाउने व्यवस्था गर्न लागेकाले यसलाई कार्यान्वयन गर्न सबैको साथ र सहयोग आवश्यक रहेको बताए।

मन्त्री खड्काले भने, 'गरिब तथा विपन्न वर्गलाई समृद्ध बनाउन नसकेसम्म हामीले कल्पना गरेजस्तो समृद्ध नेपाल



निर्माण हुन सक्दैन, उक्त वर्गलाई समृद्ध बनाउन दायित्व तपाईंहामी सबैको हो।' प्राकृतिक स्रोतमाथिको अधिकार सबैको भएकाले तल्लो वर्गको लागि सबैले सोच्नुपर्ने उनको भनाइ थियो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरीता दवाडीले जनताको जलविद्युत् कार्यक्रमलाई कार्यान्वयन गर्न सबैको भूमिका रहेको बताइन्। उनले यस कार्यक्रमलाई कार्यान्वयन गर्न अवरोध नीति, नियमलाई मन्त्रालयले परिमार्जन गर्दै अगाडि बढ्ने उल्लेख गरे।

मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रवल अधिकारीले जलस्रोतमार्फत मुलुकको समृद्धिसँगै समाजवादको विकास गर्न सरकार लागेको बताए। उनले सरकारले ऊर्जा विकास मार्गचित्रको लक्ष्य लिएकाले यसलाई पुरा गर्न सबैको साथ र सहयोग आवश्यक रहेको बताए।

अर्थ मन्त्रालयका सहसचिव दीर्घराज मैनालीले जलविद्युत्‌को विकासमार्फत गरिब तथा विपन्न नागरिकको जीवनस्तर उकास्न ऊर्जा मन्त्रालयले लिएको लक्ष्य राम्रो भएको बताए। गरिबीको रेखामुनी रहेका जनतालाई विकासको बाटो लैजान यस्तो कार्यक्रमले सहयोग पुग्ने उनको भनाइ थियो।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान) नेपालका अध्यक्ष गणेश कार्कीले जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत जलविद्युत् क्षेत्रमा थुप्रै नागरिकले लगानी गर्ने वातावरण निर्माण भएको बताउँदै उक्त कार्यक्रमलाई कार्यान्वयन गर्न निजी क्षेत्र तयार रहेको बताए।

राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) देवेन्द्ररमण खनाल, नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) तिलकराज पाण्डेय, कृषि विकास बैंकका निमित्त सिइओ, प्रताप सुवेदी, नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालालगायतले गरिव तथा विपन्न वर्गलाई धनी बनाउनेगरी ल्याइएको उक्त कार्यक्रमलाई कार्यविधि बनाएर लागू गर्नुपर्ने बताएका थिए।

सरकारले 'नेपालको पानी जनताको लगानी, हरेक नेपाली विद्युत्‌को सेयरधनी' भन्ने नाराका साथ जनताको जलविद्युत् कार्यक्रम सञ्चालनमा ल्याएको थियो। छलफल कार्यक्रममा मन्त्रालयका सहसचिव सन्दिप देवले जनताको जलविद्युत् कार्यक्रमको बारेमा जानकारी गराएका थिए।

# कृषिबालीमा धेरै विषादी प्रयोग नगर्न कृषिमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता

**मध्यविन्दु–** कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषि बालीमा धेरै विषादी प्रयोग नगर्न कृषकलाई आग्रह गरेका छन्। नवलपरासी (बर्दघाट सुस्तापूर्व) को कावासोती नगरपालिका-१५ गोडारमा कृषकले गरेको सामूहिक प्याजखेतीको अवलोकन गर्ने क्रममा मन्त्री अधिकारीले सो आग्रह गरेका हुन्। 'कृषि बालीमा धेरै विषादी प्रयोग नगरौं, धेरै विषादी प्रयोग गर्दा आफू पनि रोगी भइन्छ', उनले भने, 'आफैंले प्रयोग गरेको विषादीले आफैंलाई रोग पनि लाग्छ, आफू पनि निरोगी बन्नुपर्‍यो।'

केही कृषकहरूमा धेरै आम्दानी होस्, एकै पटक आम्दानी होस् र यही वर्ष आम्दानी होस् भन्ने आसमा आवश्यकताभन्दा धेरै विषादी प्रयोग गर्दा धेरै समस्या सृजना हुने गरेको मन्त्री अधिकारीले बताए। विषादी नियन्त्रणका लागि कृषि मन्त्रालयले अभियान नै सञ्चालन गर्ने मनस्थितिमा रहेको मन्त्री अधिकारीले जानकारी दिए।

'हामीले सम्पूर्ण कृषकलाई आग्रह गरिरहेका छौं, यही काम गरेर पुष्ट हुनका लागि त निरोगी पनि हुन पर्‍यो, धेरै विषादी प्रयोग गर्दा काम गर्ने कृषक र उपभोक्ता दुवैलाई असर गर्ने हुँदा अब यसलाई रोकौं', उनले भने।

कृषकले गरेको कामको व्यवस्थापनका लागि मन्त्रालयबाट गर्न सकिने सहयोगका लागि आफू तयार रहेको मन्त्री अधिकारीले बताए। कृषकले केही आम्दानी हुने आसमा गरेको खेतीबाट नाफा नै हुन्छ भन्ने नरहेकाले घाटामा जाँदा सरकारले हेर्छ है भन्ने विश्वास दिलाउन लागिपरेको उनको दावी छ। 'अहिले धेरै कृषकहरू सन्तुष्ट हुनुहुन्छ तर कतिपय ठाउँमा रोगका कारणले, रासायनिक मल नपाएका कारणले असन्तुष्ट हुनुहुन्छ', उनले भने, 'हामी त्यसको सुधार गर्न लागि परेका छौं।'



प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ नवलपुरले व्यावसायिक प्याजखेतीका लागि कार्यक्रम सञ्चालन गरेपछि यस वर्ष नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा २५ वटा समूह व्यावसायिक प्याजखेतीमा जुटेका छन्। परियोजना कार्यान्वयन एकाइ नवलपुरका प्रमुख सुनिलकुमार सिंहका अनुसार जिल्लामा २० बिघा जमिनमा प्याजखेती गरिएको छ।

# पोखरा भ्रमण वर्ष घोषणाको तयारीमा महानगर

■ प्रभाव संवाददाता

**कास्की–** देशको पर्यटकीय राजधानी पोखरामा २० लाख स्वदेशी तथा विदेशी पर्यटक भित्र्याउने लक्ष्यसहित पोखरा भ्रमण वर्ष घोषणाको तयारी गरिएको छ।

पोखरा भ्रमण वर्ष २०२५ को औपचारिक घोषणा समारोह आगामी फागुन ३ गते पोखराको प्रदर्शनी केन्द्रबाट गर्ने गरी पोखरा महानगरपालिकाले तयारी गरेको महानगर प्रमुख धनराज आचार्यले बताए।

घोषणा समारोहको तयारीका लागि नगर प्रमुख आचार्यको संयोजकत्वमा एक हजार ५० सदस्यीय मुलआयोजक समिति, प्रमुख आचार्यकै नेतृत्वमा एक निर्देशक समिति र पर्यटन क्षेत्रको प्रतिनिधित्वमा कार्यसम्पादन समितिसहित ४३ वटा उपसमिति गठन गरिएका छन्। यी समिति तथा उपसमितिमा पोखरा महानगर क्षेत्रमा क्रियाशील सरकारी र गैरसरकारी संघसंस्थाका प्रतिनिधि, चार वटै सुरक्षा निकाय, उद्योगी व्यवसायी, सूचना तथा सञ्चार क्षेत्र, राजनीतिक दलका प्रतिनिधि, स्थानीय टोल विकास संस्था, अधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधि लगायतको प्रतिनिधित्व रहेको छ।

'हामी भव्यरूपमा पोखरा भ्रमण वर्ष घोषणाको तयारीका लागि जुटेका छौं। सबैसँग सल्लाह र छलफल गरिरहेका छौं। भ्रमण वर्ष सफल बनाउनका लागि विभिन्न देशका राजदुतसमेतको सहभागिता रहने छ,' आचार्यले भने। भ्रमण वर्षका अवसरमा विदेशमा पोखराको प्रवर्द्धन गर्ने गरी सद्भावना दूतसमेत घोषणा गर्ने तयारी गरिएको छ।

वर्षभरी पोखराको पर्यटन प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गरिने छन्। पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारको संयुक्त पहलमा महानगरका ३३ वटै वडाबाट स्थानीय भेषभुषासहित वृहत झाँकी ऱ्याली निकालिने छ।

पोखरा महानगर र गण्डकी प्रदेश सरकारको संयुक्त आयोजनामा उक्त कार्यक्रमको आयोजना हुने र उक्त कार्यक्रम पूर्वपोखराको ३३ वटै वडाको प्रतिनिधित्व हुने गरी झांकी तथा ऱ्यालीको आयोजना हुने प्रमुख आचार्यले बताए। यसैगरी पर्यटनको क्षेत्रबाट एक वटा ब्यानरसहित झाँकी तथा ऱ्यालीको आयोजना गरिने छ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पोखरा भ्रमण वर्षले पर्यटनको क्षेत्रमा राम्रो हुने वताउँदै त्यसलाई सफल बनाउनका लागि पर्यटनसँग सम्बद्ध संघ संस्थाले सहकार्य गरेर अगाडि बढ्ने बताए।

# प्रदेशको बजेट खर्च : छ महिनामा १६ प्रतिशत

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको छ महिनामा प्रदेशहरूको बजेट खर्च निराशाजनक देखिएको छ।

सरकारले सार्वजनिक गरेको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनअनुसार हालसम्म प्रदेशको बजेट खर्च वार्षिक लक्ष्यको १६ दशमलव १८ प्रतिशत मात्रै छ। कूल रू दुई खर्ब ७८ अर्ब ६९ करोड २४ लाखको बजेट ल्याएका प्रदेश सरकारले गत पुस मसान्तसम्ममा रू ४५ अर्ब नौ करोड ३८ लाख बराबर मात्रै खर्च गरेका हुन्।

मधेस प्रदेशको बजेट खर्च सबैभन्दा कमजोर देखिएको छ। चालु आवका लागि कूल रू ४३ अर्ब ८९ करोड २२ लाखको बजेट ल्याएको मधेस प्रदेशले पुस मसान्तसम्ममा रू दुई अर्ब ४६ करोड दुई लाख मात्रै खर्च गरेको छ। यो वार्षिक विनियोजनको पाँच दशमलव ६१ प्रतिशत हो। पुँजीगत शीर्षकमा रू २७ अर्ब ८९ करोड छुट्याएको मधेस प्रदेशले उक्त विनियोजनको एक प्रतिशत मात्रै खर्च गरेको छ।

सुदूरपश्चिम प्रदेशले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १४ दशमलव ८२ प्रतिशत मात्रै खर्च गरेको छ। कूल रू ३१ अर्ब ६२ करोड १९ लाखको बजेट ल्याएको सुदूरपश्चिमले पुस मसान्तसम्ममा रू चार अर्ब ६८ करोड ७० लाख खर्च गरेको छ।

त्यसैगरी कर्णाली प्रदेशले १५ दशमलव १४ प्रतिशत खर्च गरेको छ। चालु आवका लागि रू ३१ अर्ब ४१ करोडको बजेट ल्याएको कर्णालीले पुस मसान्तसम्ममा रू चार अर्ब ७५ करोड ४७ लाख खर्च गरेको छ। लुम्बिनी प्रदेशले कूल रू ३८ अर्ब ९७ करोडको वार्षिक बजेट ल्याएको थियो। लुम्बिनीले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १९ दशमलव ३६ प्रतिशत अर्थात् रू सात अर्ब ५३ करोड ६१ लाख बराबर खर्च गरेको छ।

गत पुस मसान्तसम्ममा गण्डकी प्रदेशको बजेट खर्च वार्षिक विनियोजनको १९ दशमलव ३६ प्रतिशत छ। कूल रू ३२ अर्ब ९७ करोड ८६ लाखको वार्षिक बजेट ल्याएको गण्डकी प्रदेशले पुस मसान्तसम्ममा रू छ अर्ब ३८ करोड ४७ लाख खर्च गरेको हो।

प्रदेशगत रूपमा चालु आवका लागि बागमती प्रदेशले सबैभन्दा ठूलो आकारको बजेट ल्याएको थियो। कूल रू ६४ अर्ब ५४ करोड चार लाख बराबरको वार्षिक बजेट ल्याएको बागमती प्रदेशले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १६ दशमलव २७ प्रतिशत अर्थात् रू १० अर्ब ५० करोड २९ लाख बराबर मात्रै खर्च भएको छ।

तुलनात्मक रूपमा कोशी प्रदेशको बजेट खर्च सबैभन्दा राम्रो देखिएको छ। पुस मसान्तसम्ममा कोशी प्रदेशले २४ दशमलव ८५ प्रतिशत बजेट खर्च गरेको छ। चालु आवका लागि कोशी प्रदेशले रू ३५ अर्ब २७ करोड ९३ लाखको बजेट ल्याएकोमा रू आठ अर्ब ७६ करोड ८२ लाख बराबर खर्च गरेको छ। मधेस र लुम्बिनीबाहेक सबै प्रदेशले चालु आवका लागि वित्तीय व्यवस्था शीर्षकमा बजेट ल्याएका थिए। तर कुनै पनि प्रदेशले यो शीर्षकको बजेट खर्च गर्न सकेका छैनन्। वित्तीय व्यवस्था शीर्षकको सबै प्रदेशको बजेट खर्च शून्य छ।

# डिडिसीका उत्पादन सबै वडामा बिक्री गर्ने व्यवस्था मिलाउन माग

**काठमाडौं (प्रस)–** दुग्ध विकास संस्थान (डिडिसी) बाट उत्पादित दूध तथा दुग्ध पदार्थलाई ७५३ वटै स्थानीय तहका सबै वडामा बिक्री वितरणको व्यवस्था मिलाइनुपर्नेमा कर्मचारी संगठनले जोड दिएको छ। डिडिसी कर्मचारी संगठन नेपालले संगठनले शुक्रबार प्रेस विज्ञप्ति प्रकाशित गरी हाल आर्थिक मन्दीलगायतका कारणले संस्थानको बजार संकुचन हुँदै गएकाले दूध तथा दुग्ध पदार्थको मौज्दात बढ्दै गएर समस्या आएकाले यस्तो व्यवस्था गर्न माग गरेको हो।

७५३ वटा स्थानीय तहका छ हजार ७४३ वटै वडामा 'बसालौं दूध तथा दुग्ध पदार्थ उपभोगको संस्कृति, ग्रामीण जनजीवनको उन्नति, राष्ट्रको प्रगति' भन्ने मूल नाराका साथ राजनीतिक दल, सामाजिक संघ, संस्था, विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रममा संस्थानका दूध र दुग्धजन्य पदार्थबाट बनेका परिकारको प्रयोग गर्ने व्यवस्था मिलाउन पनि संगठनले माग गरेको छ। कार्यक्रममा खाजा तथा चिसो पेयका ठाउँमा दूध तथा दुग्धजन्य पदार्थ नै उपयोगको व्यवस्था गर्न पनि माग गरिएको संगठनका अध्यक्ष सहदेव अर्यालले बताए। यसबाट संस्थानको वर्तमान आर्थिक संकटबाट मुक्तिका लागि सहयोग मिल्ने उनको भनाइ छ। यसले नेपाललाई दूधमा आत्मनिर्भर बनाउन र किसानको जीवनस्तर उकास्न पनि सहयोग मिल्ने आशा गरिएको छ।

संस्थानले ४७ जिल्लामा आठ वटा दुग्ध वितरण आयोजनाका ६४ वटा दूध चिस्याउने केन्द्र र १६ चिज तथा पनिर उत्पादन केन्द्रबाट उत्पादन गरिएका दूध तथा दुग्ध पदार्थहरूको बजारीकरण गरी दैनिक ग्रामीण किसानहरूसम्म रु एक करोड वार्षिक रूपमा रु चार अर्ब भन्दा बढी नगद प्रवाह गरिरहेको छ। यसले देशमा स्वरोजगार उन्मुख ग्रामीण अर्थतन्त्र विकास भूमिका खेलेको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ